वर्ष : १५, अंक : २५, काठमाडौं, २०७६ असोज १७ गते शुक्रबार, 4 October 2019, Friday पृष्ठ : ८, मूल्य रु : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

मंगलमय शुभकामना

विजया दशमीको अवसरमा हाम्रा सम्पूर्ण पाठकवर्ग, विज्ञापनदाता, शुभेच्छुक तथा सम्पूर्ण नेपालीहरूमा मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



मधेशवाणी परिवार

हाम्रो आगामी भेट कार्तिक १ गते हुनेछ ।

## गान्धीको विचार अझै सान्दर्भिक : प्रम ओली



काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले महात्मा गान्धीको शान्तिपूर्ण र सत्याग्रहको विचार एवं सादा जीवनका पक्षहरू अहिलेको समयमा अझ बढी सान्दर्भिक भएको बताएका छन् । महात्मा गान्धीको १५०औं जन्मजयन्तीका अवसरमा नेपाल भारत मैत्री समाजले काठमाडौंमा आयोजना गरेको कार्यक्रममा प्रधानमन्त्री ओलीले गान्धीका कालजयी र मानवतायुक्त विचार, व्यवहार र योगदानका बारेमा लामो चर्चा गर्न सकिने भन्दै ती विचारहरू पुराना नहुने बताए ।

प्रधानमन्त्री ओलीले भने, 'गान्धीले सत्यका पक्षमा उभिन प्रेरित गर्नुभयो र आफू पनि उभिनुभयो । यो कहिले पनि पुरानो हुँदैन । त्यसबेलाको औपनिवेशिक भारतलाई कसरी स्वाधीन बनाउने भन्नेमा गान्धीको शान्तिपूर्ण विचार बलियो साबित भएको थियो ।'पारस्परिक विश्वास र शान्तिपूर्ण सहअस्तित्व, एकअर्काले निर्भयपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित हुनुपर्ने भन्दै उनले हिंसाका तयारी रहँदा शान्तिको दिशामा विश्व आश्वस्त हुन नसक्ने बताए । पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले गान्धी बिसौं शताब्दीका महान् र आत्मिक चिन्तनयुक्त व्यक्तित्व भएको बताउँदै गतिशील र परिवर्तनशील समाजमा पूर्ण मानव बन्नका लागि भौतिक विकाससँगै आत्मिक सुखलाई पनि सँगसँगै लानुपर्ने बताए । कार्यक्रममा पूर्वराष्ट्रपति डा रामवरण यादव, नेपाली काङ्ग्रेसका नेता विजयकुमार गच्छदार, नेपालका लागि भारतीय राजदूत मञ्जिब पुरीलगायत उपस्थिति थिए ।

## पहिचानको आधारमा विभेद छ : संयोजक ठाकुर



काठमाडौं । राष्ट्रिय जनता पार्टी नेपालका संयोजक महन्थ ठाकुरले पहिचानको आधारमा अहिले पनि नेपालमा विभेद जारी रहेको बताएका छन् । सोमबार राजपा कार्यालयमा आयोजित पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै संयोजक ठाकुरले सो कुरा बताएका हुन् । उनले पहिचानको आधारमा विभेद भइरहेकोले प्रदेशको संरचना पनि पहिचानकै आधारमा निर्माण हुनुपर्ने बताएका छन् । 'नेपालको संविधानमा मधेशी समुदायले अपनत्व ग्रहण गर्न सकिरहेका छैनन्,' ठाकुरले भने, 'त्यसका लागि हामी अहिले पनि संघर्षमै छौं ।' नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टीका मुस्लिम नेता कार्यकर्ताहरूलाई भित्र्याउँदै संयोजक ठाकुरले भने, 'तपाइँहरूको प्रवेशले हाम्रो संघर्ष अझ ऊर्जाशील हुनेछ । हामी आफ्नो अधिकारका लागि अझ सशक्त भएर लाग्नेछौं ।'

यसैगरी, कार्यक्रमलाई सम्बोधन गर्दै राजपा अध्यक्षमण्डलका नेता राजेन्द्र महतोले नेकपा र कांग्रेसले गर्न नसकेको काम राजपाले गर्ने दाबी गरेका छन् । उनले राजपाले विभेदलाई समाप्त पार्ने बताए । उनले आफूहरूले संविधान दिवसलाई कालो दिनको रूपमा मनाएको बताउँदै संविधानलाई सर्वस्वीकार्य बनाउन कालो दिनको रूपमा मनाएको जिकिर गरे । पार्टी प्रवेश कार्यक्रममा सयौं संख्यामा नेपाली कांग्रेस र नेकपाका मुस्लिम नेता कार्यकर्ताहरू राजपामा प्रवेश गरेका छन् ।

## प्रदेश २ मा पाँच लाख पर्यटक भित्र्याउने तयारी

काठमाडौं । नेपाल भ्रमण वर्ष २०२० लाई लक्षित गरी प्रदेश २ मा पाँच लाख बाह्य पर्यटक भित्र्याउने गरी तयारी थालिएको छ। भ्रमण वर्ष २०२० मा २० पर्यटक भित्रर्यउने सरकारको लक्ष्यलाई सफल बनाउन प्रदेश २ को भ्रमण वर्ष समितिले प्रदेशको आठवटै जिल्लामा सरसफाइसँगै प्रदेशभरि रहेका ऐतिहासिक, धार्मिक र पुरातात्विक धरोहरका साथै प्रमुख पर्यटकीय क्षेत्रहरूलाई लिपिबद्ध गर्न एकीकृत दस्तावेज गर्न लागेको हो । आन्तरिक र बाह्य पर्यटक भित्रयाउन यो प्रदेशमा पर्यटकीय क्षेत्रहरू धेरै रहेपनि एकीकृत दस्तावेज नहुँदा त्यसबारे सबैलाई थाहा नभएकाले एकीकृत दस्तावेज तयार गर्न लागेको भ्रमण वर्ष २०२० का प्रदेश २ का संयोजक मनिष झाले जानकारी दिए । उनले यसरी तयार गरिने एकीकृत दस्तावेज प्रदेश २ का ८ वटै जिल्लाका प्रमुख शहरमा रहेका होटल तथा लजहरूमा प्रचार-प्रसारका लागि राखिने बताए । यस्तै भ्रमण वर्षलाई दृष्टिगत गरी प्रदेश २ का आठै जिल्लाको शहरमा सरसफाइ अभियान सञ्चालन गरिएको छ । महोत्तरीबाट शुरू गरिएको सरसफाइ अभियान प्रदेशका सबै जिल्लाका प्रमुख शहरमा लैजाने र त्यसका लागि सरकारकारवालाहरूसँग अन्तरक्रिया गरिरहेको संयोजक झाले बताए ।

# चीनको चासो अब मधेशमा पनि

## मधेशी जनप्रतिनिधिहरूले लिए चिनियाँ कक्षा

**मधेशवाणी डेस्क**

काठमाडौं । नेकपाको गठनसँगै यसका नेताहरूमा आश्चर्यजनक ढंगले चीनप्रति झुकाव बढेके छ । नेकपाका शीर्ष नेताहरू मात्र होइन, पार्टीबाट निर्वाचित जनप्रतिनिधिहरूमा पनि चिनियाँ मोह बढेको छ । नेकपाका नेताहरू कहिले चिनियाँ कम्युनिस्ट पार्टीको निम्तामा, कहिले चिनियाँ सरकारको त कहिले निजी भ्रमणमा चीन भ्रमण गर्दै आएका छन् ।

तत्कालीन एमाले र माओवादीबीच चुनाव गठबन्धनदेखि पार्टी एकतासम्ममा चिनियाँ चासोले काम गरेको थियो । त्यस बेलादेखि नै एकीकृत पार्टीका नेताहरूको लगातारको चीन भ्रमण आश्चर्यजनक मानिएको हो । कुनै बेला नेपालका नेताहरूको दिल्लीमा बाक्लो भ्रमण हुने गर्थ्यो भने अहिले उत्तरी छिमेकको भ्रमण नेकपाका नेताहरूको प्राथमिकतामा परेको छ ।

पार्टी एकतापछि नेकपाका शीर्ष नेतृत्वदेखि अन्य नेताहरूले धेरै पटक चीन भ्रमण गरिसकेका छन् । नेपालबाट चीनमा हुने उच्चस्तरीय भ्रमण पहिले सरकार-सरकारकाबीचमा मात्र हुने गरेकामा पछिल्लो पटक पार्टी-पार्टीहरूको बीचमा पनि भ्रमण हुन थालेको छ । पछिल्लो पटक हुने अधिकांश उच्च स्तरीय भ्रमण चिनियाँ कम्युनिस्ट पार्टीको निमन्त्रणामा हुने गरेका छन् ।

एक्कासी नेताहरूको चीन मोह बढ्नुले नेकपाको झुकाव चीनतिर रहेको प्रष्ट हुँदै गएको छ । यसले राजनीतिक वृत्तमा नयाँ बहस पनि सुरू गराएको छ । पछिल्लो समय नेपालमा भारतको स्थान चीनले लिन थालेको भन्ने बहस पनि सुरू भएका छन् । नेपालमा 'किङ मेकर'को भूमिकामा पछिल्लो समय चीन आएको कूटनीतिक मामलाका जानकार बताउँदै आएका छन् । नेकपाका नेता मात्रै होइन धेरै कार्यकर्ताले पनि चीन भ्रमण गरिसकेका छन् ।



आखिर किन नेकपाका नेताहरूमा चीन मोह बढ्दै गएको छ ? जानकारहरूका अनुसार चीनले नेपालमा भारतको भूमिकालाई विस्थापित गर्न चाहेको कारण खासगरी नेकपाका नेताहरूलाई लगातार चीन भ्रमण गराइरहेका छन् ।

सैद्धान्तिक रूपमा नेकपा र चिनियाँ कम्युनिष्ट पार्टीबीच निकटता छ । तर विगतमा भन्दा अहिले नेकपाका नेताहरू चीन आवत-जावत बाक्लिएको मात्र छैन, दुवै पार्टीबीच समन्वय र कार्यक्रम समेतमा वृद्धि हुन थालेको छ । दुई देशका सत्तारूढ कम्युनिष्ट पार्टीबीच हालै काठमाडौंमा भएको संयुक्त प्रशिक्षण त्यसकै पछिल्लो कडि हो । चीनले विश्वभर प्रभाव बढाउँदै जाँदा चिनियाँ कम्युनिष्ट पार्टीसँग संयुक्त प्रशिक्षणलाई अर्थपूर्ण मानिएको छ । नेपालमा नेकपाको नेतृत्वमा दुई तिहाईको सरकार छ भने चीनमा एकदलीय चिनियाँ कम्युनिष्ट पार्टीको शासन छ ।

चीन विश्वकै धनी देश बन्न गइरहेको अवस्थामा नेपालसँग जोडिएको कारण उसको प्रभाव रहेको छ । यसैलाई मध्यनजर गरेर नेकपाभित्र चीनसँग नजिक बन्ने प्रतिष्पर्धा चलेको हो ।

**प्रदेश २ बाट को-को सहभागी**

| | | |
|---|---|---|
| मेयर | : | हरिनारायण महतो, मिथिला नगरपालिका धनुषा |
| मेयर | : | रामऔतार यादव, सुखीपुर नगरपालिका सिरहा |
| मेयर | : | मनोजकुमार देवकोटा, ईश्वरपुर नगरपालिका सर्लाही |
| मेयर | : | मुनी साहु सुदी, लहान नगरपालिका सिरहा |
| मेयर | : | वसन्तकुमार मि श्र, कञ्चनपुर नगरपालिका सप्तरी |
| उपमेयर | : | श्रवणकुमार यादव, मिर्चैया नगरपालिका सिरहा |

नेकपाबाट निर्वाचित २९ मेयर चीनको कुनमिङमा कक्षा लिएका छन् । उनीहरू मध्ये ६ जना प्रदेश २ का छन् । उनीहरू चीनको आर्थिक तथा सामाजिक विकास, पर्यटन, औद्योगीकरण, सहरीकरणलगायतका विषयमा अध्ययन गरेका छन् । चीन सरकारले राज्य सञ्चालनमा अवलम्बन गरेका विधि र प्रक्रियासमेत उनीहरूलाई सिकाइएको छ ।

'सेमिनार अफ मेयरर्स फ्रम नेपाल' नाम दिइएको प्रशिक्षणमा मेयर-उपमेयर, गाउँपालिकाका अध्यक्ष सहभागी भएका थिए । युनान प्रान्तको कुनमिङस्थित 'युनान युनिभर्सिटी अफ फाइनान्स एन्ड इकोनोमिक्स' मा चिनियाँ विशेषज्ञ र प्रध्यापकले उनीहरूलाई पढाएका हुन् ।

टोलीमा ७ वटै प्रदेशबाट कम्तीमा ४ जना सहभागी छन् । टोलीमा प्रदेश १ का ४, प्रदेश २ का ६, प्रदेश ३ का ७, गण्डकीका ४ का ४, प्रदेश ५ का ४, कर्णालीका ३ र सुदूरपश्चिमका ५ जना छन् । नेपाली टोलीको सबै खर्च चीन सरकारले नै व्यहोरेको छ ।

चिनियाँ राष्ट्रपति सि चिनफिङले असोज २५ गते नेपालको औपचारिक भ्रमण गर्दै छन् । त्यसको पूर्वार्द्धमा भइरहेका यस्ता प्रशिक्षण कार्यक्रमलाई महत्वसाथ हेरिएको छ । एक महिनाअघि समेत सोही विश्वविद्यालयमा नेपालका स्थानीय तहका १८ प्रतिनिधिलाई चिनियाँ विकासका विविध पक्षबारे प्रशिक्षण दिइएको थियो । मधेशका जनप्रतिनिधिहरू पनि चिनियाँ कक्षा लिनु अर्थपूर्ण मानिएको छ । यद्यपी उनीहरू पार्टीको सिफारिशमा गएपनि यसको मधेशमा पनि चीनको प्रभाव विस्तारै बढ्दै गएको देखाउँछ । चीनको चासो अब मधेशमा पनि पर्न थालेको विश्लेषण गर्न थालिएको छ ।

अहिले नेपालको राजनीतिक पावर चीनतर्फ सिफ्ट भएको र त्यसको प्रभाव राजनीतिक दलका नेताहरूमा देखिन थालेको कुटनीतिक क्षेत्रका जानकारको तर्क छ । पछिल्लो समय नेपालमा कम्युनिस्ट सरकार गठन हुनु र नेपालका कम्युनिस्ट पार्टी र चिनियाँ कम्युनिस्ट पार्टीबीचमा बढी सम्पर्क हुन थालेपछि नेपालमा चिनियाँ प्रभाव थप वृद्धि भएको छ भने यसबाट मधेश पनि अछुतो नरहेको बताइन्छ ।

पछिल्लो समय चीनको नेपालप्रतिको धारणामा पनि परिवर्तन हुँदै आएको छ । यस्तै मधेशी पार्टीहरू पनि महत्वपूर्ण राजनीतिक शक्तिका रूपमा देखिएकाले चीनले तिनीहरूसँग सम्बन्ध बढाउन खोजेको देखिन्छ । खासगरी तेस्रो मधेश आन्दोलनपछि नै मधेशमा चिनियाँ चासो सतहमै आएको हो । पछिल्लो समयमा चीनको प्राज्ञिक वृत्तले मधेशबारे बाक्लै अध्ययन र बहस थालेको छ।






## सम्पादकीय

# शुभ होस् दशैं

महान पर्व विजया दशमी शुरू भइसकेको छ । १५ दिन लामो यो पर्वलाई सद्भावको मात्र नभएर असत्यमाथि सत्यको विजयको प्रतीकका रूपमा समेत मनाइने गररिन्छ । यो आस्थाको प्रतीक मात्र नभएर शक्ति, सहिष्णुता, सद्भावलगायतप्रतिको समर्पण पनि हो । पौराणिक कथाहरूमा दशैं पर्वका अनेकन महिमा छन् । यसको धार्मिक आस्था एकातिर छ । धर्मसंगै दशैंजस्ता पर्वलाई वर्षभरी कामको थकानबाट मुक्ति पाउन केही दिन रमाइलो गर्ने पर्वका रूपमा पनि व्याख्या गरेको पाइन्छ । जसले जसरी व्याख्या गरेपनि परापूर्वदेखि मनाइदै आएको यो पर्वलाई राज्यले समेत महत्व दिएको देखिन्छ । नेपालको वर्तमान अवस्था राजनीतिक रूपले अन्योलग्रस्त र अस्थिर प्रकृतिको छ भने सांस्कृतिक विचलनको लहरले पनि सामाजिक सद्भाव, सहिष्णुता र एकतावद्ध भावना नै खलबल्याउने चेष्टा गरिरहेको छ । आमूल राजनीतिक परिवर्तनको लहरले मुलुकको समग्र क्षेत्र कुनै न कुनै रूपमा प्रभावित भइरहेको बेला नेपालको सामाजिक सद्भाव र मेलमिलापको राष्ट्रिय संस्कृतिविरूद्ध विधर्मीका सुनियोजित षड्यन्त्रका खेलहरू अनेक प्रसंगसँग जोडिएर आएका छन् । जातिगत, भाषागत, धर्मगत, संस्कृतिगत र क्षेत्रगत विभेदका लहरहरू निर्देशित रूपमा नै उठाएर नेपालको राष्ट्रिय एकता र अखण्डतामाथि नै आँच ल्याउने गरी अनेक गतिविधिहरू परिचालित हुँदै आएकाले सांस्कृतिक विचलनको गति तीब्रतर छ र त्यसले राष्ट्रिय समस्याकै रूप लिदैं गएको छ ।

सामाजिक-सांस्कृतिक सद्भावको आधार नै खलबल्याएर निषेधको कुसंस्कार जागृत गराई नेपालको सांस्कृतिक ऐक्यवद्धतालाई विशृङ्खलित पार्ने षड्यन्त्रात्मक प्रयासहरू निरन्तर जारी छन् । नेपालको पवित्र भूमि सबै जातजाति, भाषाभाषी, वर्ग, सम्प्रदाय र समुदायको साझा सम्पदा हो भने बडा दशैं पनि सबै नेपालीको सांस्कृतिक धरोहर हो । राष्ट्रिय चाडपर्वका

**वियोग र विछोडको अवस्थालाई संयोग र मिलनको अवस्थामा पुर्‍याउने र खराब प्रवृत्तिमाथि विजय प्राप्त गरी असल जीवनशैली अनुशरण गर्न प्रेरित गर्ने बडा दशैंको शुभ सन्देश सदा सर्वदा जीवनोपयोगी छ ।**

रूपमा बडा दशैंको सांस्कृतिक विशिष्टता जोगाइराख्नु राष्ट्रिय एकता र आवश्यकताको सम्बर्धन गर्नु हो । बडा दशैंको शुभ सन्देश भनेको आमनेपाली जनताबीच सद्भावना, मेलमिलाप, सहअस्तित्वबोध र ऐक्यवद्ध सांस्कृतिक चेतको जागरण नै हो । शान्ति, सुख र समृद्धिको मानवीय चाहना सामाजिक-सांस्कृतिक सद्भावबाट मात्र पूरा हुनसक्छ । वियोग र विछोडको अवस्थालाई संयोग र मिलनको अवस्थामा पुर्‍याउने र खराब प्रवृत्तिमाथि विजय प्राप्त गरी असल जीवनशैली अनुशरण गर्न प्रेरित गर्ने बडा दशैंको शुभ सन्देश सदा सर्वदा जीवनोपयोगी छ । सत्ता स्वार्थको विकृतिजन्य राजनीतिक अभ्यासले सिंगो समाज ग्रस्त भएको वर्तमान सन्दर्भमा बडा दशैं तथा विजया दशमीको सद्भाव, एकता र मेलमिलापको परम्परागत रूपमा अविरल प्रवाहित सन्देशले सबै नेपालीको मन-मस्तिष्कमा उज्यालो ल्याओस् र ऐक्यवद्ध सांस्कृतिक चेत जागृत गरोस् । यही नै हाम्रो शुभकामना ।


## मंगलमय शुभकामना

हिन्दूहरूको महान पर्व विजयादशमी, शुभ दीपावली र छठ पर्व २०७६ को पावन अवसरमा समस्त देश, प्रदेश र नगरवासीमा सुख, समृद्धि, सुस्वास्थ्य र सुखशान्तिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**लालकिशोर साह**
**मेयर**
**जनकपुरधाम उपमहानगरपालिका, धनुषा**



## मंगलमय शुभकामना

हिन्दूहरूको महान पर्व विजयादशमी, शुभ दीपावली र छठ पर्व २०७६ को पावन अवसरमा समस्त देश, प्रदेश र नगरवासीमा सुख, समृद्धि, सुस्वास्थ्य र सुखशान्तिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**रामशंकर मिश्र**
**मेयर**
**जलेश्वरनाथ नगरपालिका, महोत्तरी**


# सम्भावित आन्दोलनका परिणाम

**विचार - विश्लेषण** भाग-४३



उपेन्द्र झा

> राजपा, समाजवादीले मधेश आन्दोलनको विश्वास गुमाइसकेकोले प्रस्फुटित हुने आन्दोलनमा मधेशी जनता स्वत: सडकमा आउने स्पष्ट छ । सकडबाटै सबै समुदायले आफ्ना लागि नेतृत्व चयन गर्नेछ । राजपा एक्लै संघर्ष गर्न तयार भयो भने सरकारको दमन थेग्न नसक्ने राजपाका यथास्थितिवादी सोचले उसलाई समाजवादीसँग मिल्न बाध्य पारेको छ ।

दुई तिहाईवाला नेकपाको शक्तिशाली सरकारको राजनीतिक धरातलमा असन्तुष्टता र आक्रोशको अग्नि प्रज्ज्वलित हुन थालेको छ । दावानल जस्तै यो आगोले राजनीतिक सतहमा देखिएका धेरै कुराहरू जलेर भस्म हुने सम्भावना बढिरहेको छ । सरकारलाई पनि यसको आभाष भइरहेको छ । सरकार विरोधी आन्दोलनको सूत्रपात हुन लागेको अवस्थामा नेकपाका अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीले केही तत्वहरू सरकारको विरोधमा लागेको भन्ने आशयका अभिव्यक्ति दिएर शंका व्यक्त गरेका छन् ।

सडकमा देखिएका गुठी विधेयक विरोधी आन्दोलन तथा रवि लामिछानेको समर्थकहरूको आन्दोलनमा देखिएका जनआक्रोश विद्यमान सरकारको अकर्मण्यताको खिल्ली उडाउन प्रतिनिधि घटनाहरू हुन् । थरूहट थारूवान संघर्ष समितिले मंसिर १ गते सिंहदरबार घेर्ने आन्दोलनको घोषणा गरेको छ ।

सरकारले असन्तुष्ट पक्षलाई यथास्थितिमा राखेर घोषणा गरेको संविधान अमान्य साबित हुन लागेको बुद्धिजीबीहरूको विश्लेषणले देखाउँछ । यही असोज ३ गते संविधान दिवसलाई बहुमत जनताले “कालो दिवस’को रूपमा मनायो । यसरी संविधानको स्वामित्व लिने शासकवर्ग बाहेक जनशक्ति घटिरहेको अवस्थामा शक्तिशाली सरकारको औचित्यमाथि प्रश्न उठ्न थालेको छ ।

मधेशी, जनजाति, थारू, महिला, मुस्लिमहरूको आवाजलाई दबाएर शासन गर्ने यो सरकारको विरूद्ध राजनीतिक वातावरण बिग्रिन लागेको छ । आन्दोलनकारी पक्षमा एकता हुँदै जनआन्दोलनको आँधी बेहरी आउने सम्भावना प्रवक्त भएको छ । मंसिर १ गते थारू आन्दोलनले काठमाडौंमा व्यापक समर्थन पाउने सम्भावनालाई नकार्न सकिँदैन ।

मधेश थारू आन्दोलनलाई हेरिरहेको छ । जसरी गुठी विधेयकमा नेतृत्वविहीन जनताहरू स्वत: सडकमा आएर आन्दोलनको जन्म दियो, रवि लामिछाने प्रकरणमा जसरी बिना नेतृत्वका जनताहरू आन्दोलनलाई संगठित पारे, त्यस्तै थारू आन्दोलनलाई साथ दिन बिना नेतृत्वका मधेशी, जनजाति, दलित, मुस्लिम लगायतका जनताहरू सडकमा आउने कुरामा कुनै शंका देखिँदैन । मधेशका दलहरूमा सैद्धान्तिक विचलन बढी देखिएकोले यसले मधेशको कुरा गरे पनि आन्दोलनलाई अगाडि बढाउने क्षमता राख्दैन । राजपा, सामाजवादीभन्दा मधेशको मुद्दालाई बढी उठाउने गरे पनि आन्दोलन उठाएर अगाडि बढ्ने चरित्र भने छैन । समाजवादी सोझै आन्दोलनमा जाने हिम्मत जुटाइरहेको छैन । सत्तालिप्साले शासक वर्गसँग गहिरो सम्बन्ध विकास गरि दिएकोले आन्दोलनमा जाँदा सरकारको कोपको भाजन हुनु पर्ने डर छ ।

राजपा, समाजवादीले मधेश आन्दोलनको विश्वास गुमाइसकेकोले प्रस्फुटित हुने आन्दोलनमा मधेशी जनता स्वत: सडकमा आउने स्पष्ट छ । सकडबाटै सबै समुदायले आफ्ना लागि नेतृत्व चयन गर्नेछ । राजपा एक्लै संघर्ष गर्न तयार भयो भने सरकारको दमन थेग्न नसक्ने राजपाका यथास्थितिवादी सोचले उसलाई समाजवादीसँग मिल्न बाध्य पारेको छ ।

राजपाका अधिकांश अध्यक्षहरूमा यथास्थितिवादी सोच छ । यथास्थितिवादी सोच छ । महन्थ ठाकुरले “मधेशमा पृथकतावादी आन्दोलनको विकास हुन्छ’ भन्ने अभिव्यक्ति पराजित मानसिकको आक्रोश मात्र हो । क्रान्तिकारी र शेर कहिल्यै पनि जमात खोज्दैन भन्ने कुराको ज्ञान नभएकोले नै प्राप्त गरिएको सुख सुविधालाई त्याग्न कोही तयार छैन तर भुक्न पनि छोडेको छैन । के गर्ने भन्ने द्विविधाबाट राजपा मुक्त हुने कुनै सम्भावना देखिँदैन ।

राजपका अध्यक्षमण्डलका सदस्य राजकिशोर यादव र अनिल झाले समाजवादीसँगको मिलन अप्राकृतिक रहेको भन्ने तर्कमा धेरै हदसम्म यथार्थ झल्केको छ । मधेशको पहिचान लिएर जन्मेका उपेन्द्र यादव आफ्नो हैसियत बिर्सेर राष्ट्रिय नेताको रूपमा आफ्नो छवि बनाउने उद्देश्य लिएर राजनीति गर्दैछन् । मधेशको मुद्दा त उसको बार्गेनिङ्ग प्वाइन्ट मात्र हो । तर मधेशको पहिचान बनेकाले उपेन्द्र यादवको दिवास्वप्न कहिल्यै पूरा नहुने यथार्थलाई स्वीकार गर्न चाहँदैन ।

पहाड र मधेश भनुँ अथवा शासक र शासितवर्ग भनुँ यी दुवैबीच रहेको अन्तर्विरोध ०६३ सालदेखि चर्किंदै दुबै समुदायलाई राजनीतिको दुई किनारामा उभ्याई दिएको छ । यसलाई सहजै न्यूनीकरण गर्ने सम्भावना धेरै कम छ । यसलाई सहजै न्यूनीकरण गर्ने सम्भावना धेरै कम छ । यो यथार्थले उपेन्द्र यादवलाई कहिल्यै पनि राष्ट्रिय नेताको रूपमा विकास हुन दिँदैन ।

उपेन्द्र मधेशकै भरमा राजनीति गर्न चाहँदैन । त्यसकारण पनि उसले अशोक राई र बाबुराम भट्टराईको पार्टीसँग एकीकरण गरी शक्ति बढाउने प्रयासमा लाग्यो । यथास्थितिको घोर दलदलमा फँसेको समाजवादी पार्टी मधेशको अधिकार प्राप्त गर्ने संघर्षभन्दा यथास्थितिको राजनीतिमा आफ्नो वर्चस्व कायम राखी सत्तासँग बार्गेनिङ्ग गर्दै सुख सुविधा हासिल गर्न तत्पर रहेको कुरा सबैले बुझिसकेका छन् ।

मधेश यथास्थितिमा रहन चाहँदैन । आन्दोलनको विकास भएको अवस्थामा विशुद्ध मधेशी आन्दोलनलाई नेतृत्व गर्ने कोही नभएको अवस्थालाई परिपूर्ति गर्न राजकिशोर यादव र अनिल झाको तर्क यथासम्भव उचित लागेको बुझ्न सकिन्छ । क्रान्तिकारी र यथास्थितिवादीको समिश्रणमा आन्दोलन गन्तव्यमा पुग्न नसकिने यथार्थलाई प्रष्टसँग बुझ्न जरूरी छ ।

वैकल्पिक शक्ति बनाएर यो सरकारलाई चुनौती दिने समाजवादी पार्टीको उद्देश्य रहेकोले यसले वर्तमान सरकारलाई अपदस्थ गरी अर्को सरकार बनाउन सक्षम होला तर यसले अधिकारवादी आन्दोलनलाई गन्तव्यमा पुग्न दिँदैन र प्राप्त उपलब्धिलाई पनि बचाउन सक्दैन । तसर्थ समाजवादी पार्टीको वैकल्पिक शक्तिो चाहना पार्टीलाई यथास्थितिमा नै राख्नेछ र यसबाट मधेश केही नपाउने पक्क छ ।

मधेश आन्दोलन गर्ने उर्वरक भूमि हो । यसै यथार्थलाई स्वीकार गरी यहाँ अस्तित्व खोज्न अन्य पार्टीहरू विलय हुन पुगे । ठूलो पार्टीको जन्म भए पनि मधेशको पहिचान भने हराएको छ । राजपा पनि सामेल भए मधेशको कुरा गर्नबाट तथा मधेशीको पहिचान दिलाउनबाट वञ्चित हुने कुरा पक्का छ ।

*janukjha24@gmail.com*

# विभूषण तथा पदवीका लागि विवाद



अशोक यादव

काठमाण्डौमा हरेक बर्ष राज्यले विभिन्न विभूषण तथा पदवीका लागि गर्ने सिफारिश विवादमा पर्दै आएको छ । यस पटक विभूषण तथा पदवीका लागि सिफारिशमा परेका विदेशी नागरिकलाई लिएर विवाद आएको छ । एउटा विदेशी व्यक्ति न त यो देशममा कुनै योगदान छ न केही यस्ता कार्य प्रति हाम्रो घोर आपत्ति छ ।

नेपालमा कुनै पनि योगदान नै नरहेको व्यक्ति जुन प्रधानमन्त्री विदेशमा उपचार गराउँदा खेरी सहयोग गरेकै भरमा चार जना विदेशी डाक्टरलाई प्रसुप्रसिध्द प्रवल जनसेवा श्री (प्रथम श्रेणी) सिफारिश गरिएको छ । गृह मंत्रालयले तयार पारेको विभूषण सिफारिश कार्यविधि एवं प्रदान सम्बधी मापदंड २०७५ मा नेपालको हितमा विशिष्ट योगदान तहको विभूषण प्रदान गर्न उलेख छ ।

> **नेपालमा कुनै पनि योगदान नै नरहेको व्यक्ति जुन प्रधानमन्त्री विदेशमा उपचार गराउँदा सहयोग गरेकै भरमा चार जना विदेशी डाक्टरलाई प्रसुप्रशिद्ध प्रवल जनसेवा श्री ( प्रथम श्रेणी) सिफारिश गरिएको छ ।**

नेपाल रत्न, राष्ट्र गोरख, राष्ट्रीय र जन सेवा श्री विभूषण नेपालको हितमा विशिष्ट योगदान पुर्याउने विदेशी नागरिकलाई दिने सकिने व्यवस्था छ। तर यी व्यक्ति कहिले नेपालको लागि राम्रो काम गरेका छन केही प्रष्ट भएका छैन। यसकारण पदक तथा विभूषण सम्बन्धी सिफारिश विवादमा परेको छ ।

त्यसतै अर्को काण्ड यो पनि छ हाल कार्यरत उपप्रधान तथा रक्षामंत्री ईश्वर पोखरेलले पनि आफ्नो गरिमाको अपमान गरि आफ्नै कपाल काटने लक्ष्मी ठाकुरलाई पनि समाजसेवीको रूपमा पदक सिफारिश गरेको छ । रक्षामंत्री ईश्वर पोखरेलले आफै सिफारिश समितिमा बसेर ठाकुरलाई सिफारिश गरेका छन। सिंगापुर नेशनल अस्पतालका सीनियर कन्सल्टयान्ट प्राध्यापक आन्ध्रम्यान वत्सला,म्याक्स ग्रूप अस्पताल दिल्लीका अध्यक्ष प्राध्यापक डा'क्टर अनन्त कुमार, इन्स्टिट्यूट अप अडल्ट दिल्लीका अध्यक्ष डा'क्टर राजीव कुमार, एपोलो अस्पतालका डा'क्टर हर्ष देऊ यहाहरू जस्तै कति धेरै डा'क्टर छन । जुन नेपाल सरकारको मन्त्री देखि ठुला पदमा रहेका व्यक्तिहरूको उपचारमा सहयोग गरे वापत विभूषण पदवीको सिफारिशमा परेका छन् । तर नेपालमा मधेशमा कयौ यस्ता समाजसेवी व्यक्ति छन जुन देशकोलागि सधै सेवामा उपस्थित छन र सिमानामा भारतीय प्रहरी सेना संग लडीरहेका छन वहाहरूको नाम कुनै ठाउँमा उलेखित छैन ।

*(यादव आम आदमी पार्टी नेपालका अध्यक्ष हुन् ।)*

# सरकारविरूद्ध राजपासँग सहकार्य हुन्छ



संविधानलाई सर्वस्वीकार्य बनाउन संशोधन गर्नैपर्छ। कांग्रेसकै पालामा संशोधनका लागि पहल गरिएको थियो, तर हाम्रो बहमुत नभएकोले संशोधन हुन सकेन। यो संविधान सबैको संविधान बनाउनका लागि संशोधन गर्नुपर्छ।

**सत्यनारायण खनाल**
प्रतिनिधिसभा सदस्य, नेपाली कांग्रेस

**० संघीय संसदको चौथो अधिवेशन सम्पन्न भएको छ, यो अधिवेशन कति उपलब्धिमूलक रह्यो ?**

– संसदको हालै सम्पन्न चौथो अधिवेशनमा केही विधेयकहरू पास भएका छन्। केही विधेयक बहुमतको हिसावले पास भयो भने कतिपय विधेयकहरू विभिन्न समितिहरूमा छलफल भएर पास भएका छन्। केही विधेयकहरू यो सरकारले ल्याउनै सकेन। जस्तै, मिडिया सम्बन्धि विधेयक, मानवअधिकार सम्बन्धि विधेयक पनि रोकिएको छ। यो सरकारले मिडियालाई पनि आफ्नो नियन्त्रणमा राख्न खोजेको हो। त्यसमा हाम्रो विरोध छ। राष्ट्रिय मानव अधिकार आयोगलाई पनि भ्रातृ संस्थाको रूपमा राख्न खोजिएको थियो। तर, हाम्रो विरोधका कारण अहिलेसम्म रोकिएको छ। समग्रमा सामान्य विधेयकहरू मात्र ल्याउन सक्यो यो सरकारले।

**० कांग्रेसले जहिले पनि सरकारको आलोचना मात्रै गर्छ, यो सरकारले राम्रा कामहरु केही पनि गरेको छैन त ?**

– राम्रो काम गरेपछि हामी कहिल्यै विरोध गर्दैनौं, समर्थन नै गर्छौं। यो सरकार गठन भएको दुई वर्ष भयो, दुई तिहाईको सरकार छ तर केही गर्नै सकेको छैन। यो सरकारको न हाँसको चाल न त कौवाको चाल जस्तो भयो। दुई तिहाईको दम्भ मात्रै देखाइरहेको छ। काठमाडौंको वातावरण एकदम दूषित छ, महँगी आकाशिएको छ, खाद्य पदार्थ पनि विषालुयुक्त छ। जनतालाई हित हुने काम गर, अहित हुने काम नगर, महँगी नियन्त्रण गर, आर्गेनिक खाना खुवाउ, विषादीयुक्त फलपूल र तरकारीहरू रोक् लगायतका कुराहरू कांग्रेसले गरेको छ। यो नराम्रो कुरा त होइन। राम्रा कुराको हामीले समर्थन नै गरेका छौं।

**० यस्ता बेथितिहरु यो सरकार आएपछि मात्रै भएको त होइन ?**

– पहिला पनि केही बेथितिहरू थिए, तर पहिलाका सरकारहरू अस्थायी थिए। पूर्ण बहुमतका सरकार थिएन, मिलिजुली सरकार थियो। तर, अहिले त पाँच वर्षका लागि यस्तो मजबुत सरकार कि ढल्ने सम्भावनै छैन। पाँच वर्षसम्म कसैले केही गर्न सक्दैन यो सरकारलाई। यस्तो बहुमतको सरकारले राम्रोसँग काम गर्नुपर्दथ्यो। पहिलो वर्ष आधार वर्ष भन्यो, दोस्रो वर्ष पनि त्यही भन्दैछ।

**० भनेपछि यो सरकार असफल भइसक्यो ?**

– हो। पाँच वर्षसम्म यो सरकार त जान्छ, दुई तिहाईको बहुमत छ। तर, पाँच वर्षमा के गऱ्यो भन्ने कुरा महत्वपूर्ण हो। रोजगारीको वातावरण सिर्जना गर्न सेकेको छैन। युवाहरू विदेश पलायन हुने अवस्थामा कमी आएको छैन। कृषि प्रधान देश भन्छ तर, उत्पादन कसरी बढाउने, कसरी वैज्ञानिक खेती गर्ने केही योजना छैन। यती धेरै नदीहरू छन्, त्यसबाट विद्युत उत्पादन गर्ने, सिंचाइका लागि उपयोग गर्ने त्यतातिर ध्यानै छैन। यो हिसावले राष्ट्र बन्दैन। देश बनाउनका लागि हामीले आफ्नो भौगोलिक स्थितिलाई हेर्नुपर्छ। कृषिमा आधारित हाम्रो मुलुक भएकाले पहिला कृषिलाई नै वैज्ञानिककिरण गर्नुपर्छ। पहिला हामीले भारतलाई धान बेच्थ्यौं, तर अहिले किन्नु परेको अवस्था छ। त्यसैले कसरी जाने हो यो सरकारले थाहै पाएको छैन। मख्ख पर्दैमा दुई वर्ष गइसक्यो।

**० कांग्रेसको पनि भूमिका प्रभावकारी नभएर यो सरकारले आफ्नै तालमा हिंडिरहेको छ नि ?**

– कांग्रेसले त आफ्नो भूमिका निर्वाह गरिरहेकै छ। यदि कांग्रेसले विरोध गर्दैन भने यो सरकारले मनपरी तरिकाले विधेयकहरू ल्याउन सक्थ्यो। गुठी विधेयकको विरोध गऱ्यौं, मिडिया विधेयक ल्याउन दिएनौं। जनता र राष्ट्रको अहित हुने विधेयकहरूलाई कांग्रेसले नै रोकेको छ।

**० संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल स्थापना गराउन सबै दलहरुको योगदान छ। तर, यसलाई संस्थागत गराउन सबै दलबीच किन सहकार्य हुन सकिरहेको छैन ?**

– संघीय लोकतान्त्रिक गणतन्त्र व्यवस्था ल्याउने बेलामा सबै दल एकजुट नै थिए र त्यसको नेतृत्व नेपाली कांग्रेसले गरेको हो। निर्वाचनमा जब कम्युनिष्टहरूले बढी मत लिइसकेपछि प्रतिपक्षीसँग सल्लाहै गर्न छोडिदियो। एक्लै हिंड्न खोज्दा यी कुराहरू भएको हो। प्रतिपक्षीसँग पनि सल्लाह गरेर काम गरेको भए धेरै राम्रो हुन्थ्यो। तर, यो सरकारले बहुमतको दम्भमा राष्ट्र निर्माणको कार्यबारे सोच्नै सकेको छैन। बाढी आयो, सारा मधेशलाई डुबायो, खेती बगायो, अहिले सुख्खा छ। हाम्रो आधार नै मधेश हो, त्यहाँ उत्पादन नभएपछि के खान्छौं ? यसै पनि सबै चीज विदेशबाटै ल्याउनुपर्छ।

**० राष्ट्रको हितमा कार्य गर्न कांग्रेसको दबाबले यो सरकार सुनिरहेको अवस्था छैन। सशक्त प्रतिपक्षीको भूमिकामा आउन राजपासँग सहकार्य किन हुँदैन ?**

– केही-केही मुद्दामा राजपासँग सदनमा हाम्रो सहकार्य भएको छ। आगामी दिनमा पनि राजपासँग सहकार्य गरेर जानुपर्छ। किनभने जायज कुरा गराउनका लागि राष्ट्र र जनताको हित हुने कार्यमा मिलेर जानुपर्छ।

**० नेपाली कांग्रेसले हिन्दू राष्ट्रको मुद्दालाई उठाउन सुरु गरेको हो ?**

– नेपाली कांग्रेसको मुद्दा हिन्दू राष्ट्र होइन, धार्मिक स्वतन्त्रता हो। यो भनेको आआफ्नो इच्छा लागेको धर्म पालना गर्न पाउने, उसको स्वतन्त्रलाई कसैले हनन् गर्न नपाउने। हाम्रो पार्टीभित्र पनि हिन्दू धर्म मान्ने व्यक्तिहरू धेरै छन्। तर, हामीले धर्मको आधारमा कसैलाई भेदभाव गर्दैनौं। हामी धार्मिक स्वतन्त्रताको पक्षधर हौं।

**० तर, कांग्रेसभित्र हिन्दू राष्ट्रको कुराहरू उठ्न थालेका छन् नि ?**

– बाहिर-बाहिर मात्र यस्तो चर्चा चल्दैछ। पार्टीमा यसबारे कुनै छलफल भएको छैन। नेताहरूले विभिन्न कार्यक्रममा बोल्नुहुन्छ। तर, अहिलेसम्म कांग्रेसको एजेन्डा हुन सकेको छैन। धर्मनिरपेक्षमै अहिलेसम्म हाम्रो धारणा हो।

**० कांग्रेसले दुई चरणको जागरण अभियान सम्पन्न गऱ्यो, के प्रतिफल आयो त ?**

– जनजागरण अभियानको उद्देश्य भनेको जनतालाई जागरूक बनाउने हो। राष्ट्रमा अहिले के भइरहेको छ, सरकार कसरी गइरहेको छ यसबारे जानकारी जनतालाई दिने उद्देश्य हो। त्यसबारे जनतामा जागरण ल्याउने। यो व्यवस्था ल्याउन जनताले नै आन्दोलन गरेका छन्, त्यसपछि त यो व्यवस्था आएको हो। जनता नै सर्वोपरी हुन्, देशका मालिक हुन् देशमा के भइरहेको छ भन्ने कुराको जानकारी गराउन कांग्रेसको जागरण अभियान भएको हो। जुन व्यवस्थाका लागि जनताले सहादत दिए, यत्रो संघर्ष गरे, त्यो व्यवस्थाबाट आएको सरकारले के गरिरहेको छ त्यसको बारेमा पनि जानकारी दिने हाम्रो उद्देश्य हो।

**० संविधान जारी भएको चार वर्ष पूरा भइसक्यो तर, अहिलेसम्म सर्वस्वीकार्य हुन सकेको छैन। संविधान संशोधनको अपरिहार्यता कतिको देख्नुहुन्छ ?**

– संविधानलाई सर्वस्वीकार्य बनाउन संशोधन गर्नैपर्छ। कांग्रेसकै पालामा संशोधनका लागि पहल गरिएको थियो, तर हाम्रो बहमुत नभएकोले संशोधन हुन सकेन। यो संविधान सबैको संविधान बनाउनका लागि संशोधन गर्नुपर्छ। नेपाली कांग्रेस संशोधनको पक्षमा छ तर, बहुमत प्राप्त गरेको पक्ष सहमत नभएकोले अहिलेसम्म यस्तो अवस्था देखिएको हो।

**० तर, यो संविधान ८०-९० प्रतिशत जनप्रतिनिधिले जारी गरेको भनेर भनिँदैछ नि ?**

– त्यतिखेर गणितको हिसावले ८०-९० प्रतिशत थियो। तर, तुरून्तै नेपाली कांग्रेसले यो संविधान संशोधन गर्नुपर्छ भनेर संशोधन पेश गरेको थियो। किनभने आधाभन्दा बढी जनसंख्या ओगटेका जनताको चित्त नबुझाइकन सफल कार्यान्वयन हुन सक्दैन। संविधानले त सबैलाई उत्तिकै उज्यालो दिनुपर्छ।

**० त्यतिखेर कांग्रेस नेतृत्वको सरकारले हतारमा संविधान जारी गर्नुको कारण के थियो ?**

– त्यतिखेर तुरून्त संविधान जारी नगरेको भए यो मुलुकले नयाँ संविधान नै नपाउने अवस्था थियो। बरू पछि संशोधन गरौंला भन्ने उद्देश्य पनि थियो। संविधान आओस् भनेर विभिन्न पक्षहरू पनि लागेको देखियो।

# सभामुखमा राजपाको दाबेदारी रहँदैन

सभामुखका लागि राजपाको कुनै दाबेदारी छैन। यस विषयमा अहिलेसम्म राजपाको कुनै निर्णय भएको छैन। पहिला पनि राजपालाई सभामुखको पद दिइरहेको थियो तर, राजपाले लिन मानेन।



**रानी शर्मा तिवारी**
वरिष्ठ उपाध्यक्ष, राजपा नेपाल

**० निवर्तमान सभामुख कृष्णबहादुर महरासँग सम्बन्धित घटनालाई राजपा नेपालले कसरी हेरेको छ ?**

– निवर्तमान सभामुख कृष्णबहादुर महराको विषयमा आएका विषय मुलुककै लागि दुर्भाग्यपूर्ण हो। यसबारे अहिलेसम्म सत्यतथ्य बाहिर आएको छैन। घटनाको सत्यतथ्य बाहिर आउनुपर्छ। यदि महिला पीडित हुन् भने उनले न्याय पाउनुपर्छ। तर, पीडित हो कि होइन अहिलेसम्म स्पष्ट भएको छैन। घटनाको अनुसन्धान नभइकन कसैलाई दोषी मान्न सकिन्न। आरोप लगाउने महिलाले विभिन्न किसिमका बयान दिइरहनु भएको छ। कहिले भन्नुहुन्छ दुर्व्यवहार भयो, कहिले भन्नुहुन्छ त्यस्तो भएकै होइन। ती महिला आफू डिप्रेशनको शिकार भएको पनि भन्नुहुन्छ। यसरी कसैको चरित्र हत्या गर्नु पनि गलत हो। उहाँले आफ्नो बयान फेर्नुहुन्छ भने के कारणले हो, त्यो पनि बाहिर आउनुपर्छ।

**० ती महिला आफ्नो बयानबाट युटर्न हुनुको कारण के देख्नुहुन्छ ?**

– अहिलेसम्म प्रहरीमा उजुरी पनि हालेको देखिएन। अर्कोतिर फेरि त्यस्तो घटना भएकै होइन भन्नुहुन्छ। यदि हो भने उहाँले न्याय पाउनुपर्छ। अब उहाँले आफ्नो बोली किन फेर्नुभयो यसको बारेमा प्रहरीले सूक्ष्म अनुसन्धान गर्नुपर्छ। यदि यस्तो घटना भएकै हो भने नेपालकै लागि दुर्भाग्यपूर्ण कुरा हो।

**० यो घटनाको निष्पक्ष छानबिन होला त ?**

– अब परीक्षाको घडी नेपाल कम्युनिष्ट पार्टी र सुरक्षा निकायका लागि पनि हो।

**० कृष्णबहादुर महराले सभामुख पदबाट राजीनामा दिइसकेपछि नयाँ सभामुखका लागि लविङ्ग पनि हुँदैछ। यसमा राजपाको दावेदारी छ कि छैन ?**

– सभामुखका लागि राजपाको कुनै दाबेदारी छैन। यस विषयमा अहिलेसम्म राजपाको कुनै निर्णय भएको छैन। पहिला पनि राजपालाई सभामुखको पद दिइरहेको थियो तर, राजपाले लिन मानेन।

**० राजपाको महाधिवेशनको तयारी कस्तो हुँदैछ त ?**

– महाधिवेशनको तयारी जुन गतिमा हुनुपर्ने हो, त्यसरी भइरहेको छैन। तर, भइरहेको छ।

**० यो गतिले तोकिएकै मितिमा महाधिवेशन हुन्छ ?**

– अहिलेसम्मको तयारी हेर्दा हामी नै दोधारमा छौं। हामीलाई पनि शंका लागिरहेको छ कि तोकिएकै मितिमा महाधिवेशन हुन्छ। अहिले पनि वर्षात्को मौसम छ, त्यसले गर्दा अलिकति अप्ठ्याराहरू भइरहेको छ। केही दिन पहिला बाढीले गर्दा मधेशमा ठूलो क्षति भयो, त्यसले गर्दा पनि काम गर्न सक्ने वातावरण थिएन। अहिले चाँडपर्व सुरू भइसक्यो। त्यसले गर्दा अलिकति समयानुकूल भइरहेको छैन।

**० भनेपछि पूर्वनिर्धारित मिति कार्तिक २८-३० गतेसम्म महाधिवेशन हुने सम्भावना छैन ?**

– गर्नै खोज्यो भने असम्भव केही पनि होइन। हिजो पनि ६ वटा दल मिलेर राजपा बनेको हो। त्यसैले, सबै मिलेर लाग्यो भने निर्धारित मितिमै महाधिवेशन असम्भव छैन।

**० समयमै महाधिवेशन गर्ने मनस्थिति नेतृत्वपंक्तिहरुको देख्नुहुन्छ ?**

– नेतृत्वपंक्तिबाट अहिलेसम्म निर्देशन आइरहेकै छ। समयमै महाधिवेशन गर्नुपर्छ भन्ने भनाई सबैको छ। पार्टीले निर्देशन दिने हो, काम गर्ने कार्यकर्ताहरूले नै हो। मधेशमा भएका केही समस्याहरूका कारण महाधिवेशन तयारीमा ढिलासुस्ती देखिएको छ। त्यसैले, महाधिवेशन नहुने टुंगोमा हामी पुगिसकेका छैनौं। हामी सबैले आँट्यौं भने महाधिवेशन सफल बनाउन सक्छौं।

**० राजपा एकीकरण भएको दुई वर्षभन्दा बढी समय भइसक्यो तर, अहिलेसम्म समायोजन प्रक्रिया टुंगो लगाएको छैन। किन ?**

– यी सबै कुराहरू महाधिवेशनबाट नै टुंगिन्छन्। महाधिवेशनपछि नयाँ कमिटीहरू गठन हुन्छ। त्यसपछि समस्याहरू रहँदैन। पार्टीभित्र त्यस्तो समस्या पनि छैन।

**० समाजवादी पार्टीसँग एकताको चर्चा पनि भइरहेको छ। यो एकताको चर्चाले महाधिवेशनको तयारीमा शिथिलता आएको हो कि ?**

– कुनै पार्टीसँग एकताको चर्चा चल्दा स्वाभाविकरूपमा त्यसले केही न केही प्रभाव पार्छ। एकीकरण गर्ने छलफल भइरहँदा महाधिवेशन तयारीमा केही शिथिलता आएकै हो। एकताको कुरा चल्दै गर्दा महाधिवेशनको तयारी छोड्नु हुँदैन। एकीकरण आवश्यकता हो, हुनुपर्छ। तर, एकीकरणकै नाममा महाधिवेशन वा अन्य कुनै पनि गतिविधि ठप्प गरेर राख्नु उचित होइन।

**० पहिला महाधिवेशन कि एकता ?**

– राजपाको प्राथमिकतामा महाधिवेशन नै हो। महाधिवेशन हामीले तय गरेको कार्यक्रम हो, गर्नुपर्ने हाम्रो आवश्यकता हो। महाधिवेशनपछि पनि एकीकरण गर्दा फरक पर्दैन। महाधिवेशन भनेको हाम्रो पूर्वघोषित कार्यक्रम हो। त्यो तहत हामीले महाधिवेशन गर्नुछ। एकीकरणका लागि छलफल भइरहेको छ।

**० अध्यक्षमण्डलकै कतिपय नेताहरुले पहिला एकता गर्नुपर्ने भनिरहनु भएको छ नि ?**

– त्यो त सबै वैचारिक स्वतन्त्रता हो, सबैले आआफ्ना धारणा राख्न पाउँछन्। हाम्रो मुख्य उद्देश्य पहिला महाधिवेशन नै हो, यदि महाधिवेशनभन्दा पहिला एकता हुने वातावरण बन्यो भने हुन पनि सक्छ। एकीकरणपछि पनि महाधिवेशन गर्दा राम्रो हुन्छ। महाधिवेशन गरिसकेपछि पनि एकता हुँदा केही बिग्रिँदैन।

**० समाजवादी सरकारमा छ, यो एकताको बाधक हो ?**

– पार्टी एकीकरण गर्नु र सरकार छुट्टाछुट्टै विषय हो। समाजवादी सरकार हुँदा राजपा पनि सरकारमा जानुपर्छ भन्ने छैन। सरकारबाट बाहिर आएपछि एकीकरण गर्ने शर्त हामीले पहिला समाजवादी सामु राखेका थियौं।

**० समाजवादी पार्टी सरकार छोडेर किन आउनुपऱ्यो ?**

– राजपा सरकारमा जाँदैन भन्ने हाम्रो निर्णय छ अनि यही अवस्थामा एकता हुँदा आधा पार्टी सरकारमा र आधा बाहिर हुँदैन। सरकारमा नजाने हाम्रो निर्णय हो।

**० समाजवादी सरकारमै भएको बेला एकता गर्दा तपाईंहरुको पार्टी ठूलो हुन्छ र सरकारलाई दबाब दिन पनि बल पुग्छ, होइन र ?**

– हामीले सरकारलाई दबाब दिनका लागि सरकारमै जानुपर्दैन। अहिले पनि राजपासँग सरकारलाई दबाब दिने शक्ति छ।

**० तर, संविधान संशोधन त सरकारले नै गर्ने हो नि ?**

– हामीले पनि संविधान संशोधनका लागि यतिका दिनसम्म यो सरकारलाई समर्थन गरेका थियौं। तर, संशोधन गर्ने कुनै छाँटकाँट नदेखिँदा समर्थन फिर्ता लिन बाध्य भयौं। ओली सरकारले हाम्रो विश्वास गुमाइसकेको छ। यो सरकारले संशोधन गर्नेमा कसरी विश्वास गर्ने ? संशोधन गर्ने हो भने हामी जहिले पनि यो सरकारलाई समर्थन गर्न सक्छौं। तर, जहिले पनि यो सरकारलाई हामीलाई झुक्याउने मात्र काम गरिरहेको छ। उपेन्द्र यादवजी पनि संशोधन गराउनका लागि सरकारमा छौं भन्नुभएको छ। उहाँ सरकारमा गएको एक वर्षभन्दा बढी समय भइसक्यो, संशोधनको प्रक्रिया पनि सुरू भएको छैन।

**० प्रदेश २ को नामाकरणका लागि प्रदेश सरकारलाई किन यत्रो सकस ?**

– प्रदेश २ मा चार वटा पार्टी छन्, त्यसैले सबै पार्टीको आआफ्नै धारणा हुनु स्वाभाविक हो। नामाकरण टुंगो लगाउनका लागि प्रदेश सरकारसँग दुई तिहाई नभए पनि लगभग सबैको सहमति जुट्न थालेको छ। मधेश प्रदेशमा धेरै सांसदहरूको सहमति छ। यस विषयमा कांग्रेस र नेकपाका सांसदहरूलाई पनि हामीले विश्वास लिइरहेका छौं।

**० मधेश प्रदेश घोषणा हुन्छ ?**

– अवश्य पनि प्रदेश २ को नाम मधेश प्रदेश नै हुन्छ। किनकि कांग्रेस र नेकपाका सांसदहरू पनि मधेश प्रदेशमा कन्भिन्स भइरहेका छन्। केन्द्रमा बस्ने नेताजीहरूले बुझ्नु भएको छैन होला तर, यहाँका सांसदहरूले मधेशी जनताको भावनालाई बुझ्नुहुन्छ। मधेशी जनताको भावना बुझेर कांग्रेस र नेकपाका सांसदहरूले मधेश प्रदेशलाई अवश्य पनि स्वीकार गर्नुहुन्छ।

(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)

# संविधान कार्यान्वयनको चार वर्ष



मनोज कुमार कर्ण

'नेपालको संविधान २०७२' लागूभएको यो चौथो वर्ष हो । संयोग कस्तो भने यो संविधान जारि गर्ने कांग्रेस नेतृत्वको सुशील कोईरालाको सरकारपछि नेकपाको केपी ओली नेतृत्वको पनि यो चौथो सरकार नै हो । यस संविधानभित्र निश्चय नै नेपालका विभिन्न संविधानहरू भन्दा अधिक अधिकार जनताको पक्षमा छ । तर सबै जनताले हालसम्म यस संविधानलाई अपनत्व गर्न सकेका भने छैनन् । संविधान जारि गर्ने बेलामै देशको राजधानीलगायत अन्य ठाउँमा दिपावली मनाईए भने मधेश तथा असन्तुष्टि बोकेको क्षेत्र र समुदायमा कालो दिवस् मनाईए, मनाईंदै पनि छ भलै प्रहरी प्रशासनले त्यसलाई शक्तिको आडमा सत्ताधारीको दबदबामा दबाउने काम किन न गरून् । ती मधेशी, आदिवासी, जनजाति तथा अन्य असन्तुष्ट समुदायका आफ्नै माग तथा शिकायतहरू छन् जसलाई राज्यले सम्बोधन गर्न पटक-पटक प्रतिबद्धता जनाएपनि संविधान संशोधन चाहिं जारि गर्ने स्वयं कांग्रेस नेतृत्वको सुशील कोइरालाको सरकारले गरेको एकतर्फी अधूरो संशोधनबाहेक कसैले गरेका छैनन् । ज्ञातव्य छ, संविधान जारि भएपछि केपी ओली नै प्रधानमन्त्री बन्नु भयो र बीचमा राजनीतिक अस्थिरता तथा व्यक्तिगत चाहनाले प्रचण्ड एमाओवादीबाट र शेरबहादुर देउवा कांग्रेसबाट आलोपालो सरकारको नेतृत्व गरेपनि आज पुनः उनै केपी ओली कम्युनिष्टको संयुक्त नेतृत्व गर्दै देशका शक्तिशाली प्रधानमन्त्री छन् ।

**संविधान घोषणाको अप्रिय तनावमय क्षण**

संविधान घोषणा हुंदा तत्कालीन राष्ट्रपति डा. रामवरण यादबले यस संविधानलाई केहि दिन अझ ढिलो गरेर भएपनि सबैका कुरा समेटेर अपनत्व लिनदिएर घोषणा गर्दा दिगो हुनेछ भनेका थिए जसलाई सत्तापक्ष र विपक्ष कसैले पनि त्यति वास्ता उनी मधेशी समुदायको भएकाले गरेनन् । वास्ता नगर्नुको अर्को प्रमुख पक्ष के रह्न गयो भने मधेशमै सत्ता तथा विपक्षी दलका गैरमधेशी नेताहरूले मधेशीलाई एक्ल्याएर असन्तुष्टिको स्वर मिल्काउन उचालेका केही मनि र मस्सलभएका थारू नेतालाई उचालेका थिए जसमध्ये एक विजय गच्छेदार (जो आज कांग्रेस मातृपार्टीमा नै आफ्नो तत्कालीन लोकतान्त्रिक फोरम विलय गराएका छन्)ले सो बेलाको प्राकृतिक महाविपत २०७२ वैशाखको भूईंकम्पपछि संविधान जारि गर्न मधेशी तथा असन्तुष्टहरूको नाममा ठेक्का लिंदै सत्ता र विपक्षी दललाई उक्साए । उनी कांग्रेसद्वारा पहिल्यै मधेशी दलमा भांडभैलो मच्चाउन पठाईएका मिस्नरी म्यान हुन् । सो बेला बाँकी मधेशी दलहरू आफ्ना मागहरू संविधान समेटियोस् भनेर सडकमा थिए भने सत्ताधारी तथा विपक्षी दलका एकाधजना मधेशी तथा परिवर्तन पक्षधर नेताहरूको पनि असन्तुष्टिको स्वर सुनिन्थ्यो जसलाई गैरमधेशी नेताहरूले साम, दाम, दण्ड र भेद सबै प्रयोग गरेर दबाई दियो । सत्तारूढ दलबाट असन्तुष्टिको स्वर उराल्ने मध्ये विमलेन्द्र निधि, अमरेश सिंह, सुरेन्द्र चौधरीहरू थिए जसको अगुवाई नेता निधिले गरिरहेका थिए भने यो संविधानले मधेशीको केहीपनि माग सम्बोधन गर्दैन भनेर अलग देश नै मधेशलाई बनाउने भनेर एउटा समूह डा. सीके राउतकोपनि सडकमा थियो । देशभरी असन्तुष्टी व्यक्त गरिरहेका समुदाय मधेशी, थारू, आदिवासी, जनजातिको नाममा रहेपनि सबभन्दा अग्र पंक्तिमा मधेशी थिए जसलाई गैरमधेशी तथा मधेशविरोधी समुदायका मन्त्री तथा सरकारी सुरक्षाकर्मीमा त्यसता सोचभएका केही नाईकेहरूले मान्छे मारिरहेका थिए । सरकार तथा विपक्षी दलकै जिम्मेवार केही व्यक्तिहरूले मधेशीविरूद्ध अराजक तथा आपत्तिजनक टिप्पणीहरू सञ्चारमाध्यममार्फत् दिन्थे । सो बेला नेपाल सरकार कहांनेर चुक्यो भने स्वयं नेपाल सरकारले भारतीय प्रम नरेन्द्र मोदीलाई नेपाल भ्रमणमा निम्त्याएर कस्तो संविधान बनाउने भनेर राय मागेर नेपालको संविधानसभामा सम्बोधन गर्न लगाए र उनले 'सबैको मन जित्न ऋषी मनले संविधान बनाउंदा राम्रो' भनेर सन्देशमात्र दिएन कि मधेशीहरू दिनहुं राज्यद्वारा मारिंदा प्रम मोदीले आफ्ना विदेश सचिव एस. जयशंकर (हालका विदेश मन्त्री)लाई नै नेपालको आकस्मिक भ्रमण गर्न पठाए तर नेपालले आफ्नै विगतका वाचा, व्यवहार सबैलाई तिलाञ्जली दिए र देशभित्रका असन्तुष्ट विभिन्न राजनीतिक समूह तथा नेता र छिमेकी देश कसैको पनि एक सुनेन र, कथित् पन्चान्बे प्रतिशत बहुमतको आधारको हवाला दिई संविधान पेलेर जारी गरियो ! संविधान बन्ने अन्तिम क्षणमा राय संकलनको नौटंकी राज्यद्वारा देशभरि सुरक्षाकर्मी परिचालन गरेर गरियो र असन्तुष्टि व्यक्त गर्नेहरूको आवाज समेट्नुभन्दा ती सुरक्षाकर्मीलाई उनीहरूलाई दबाउन तथा सूचना संकलन गर्न दुरूपयोग गरियो ! यी सबैभन्दा निकृष्ट खेल तब भयो जब राष्ट्रपति डा. यादबले सबै राजनीतिक दलको सदिच्छामा मात्र आफूले संविधान घोषणा गर्ने किसिमको मनसायमात्र व्यक्त गर्दा तत्कालीन सभामुख सुभाष नेम्बाङ्गले पदीय मर्यादा उल्लंघन गर्दै जम्मा तीन मिनेटमा अन्तरीम संविधानबाट राष्ट्रपतिले संविधान जारि गर्ने प्रावधान सस्पेंड गरि स्वयं घोषणा गरिदिने दलीय भक्ति देखाउंदै राष्ट्रपति पद नै कमजोर पार्दै हुर्मत लिए जबकि उनकै आदिवासी जनजाति समुदायका पूर्व सहधर्मी नेताहरू अशोक राई, राजेन्द्र श्रेष्ठहरू बाटामा थिए ।

**संविधान घोषणापछिका समय**

संविधान घोषणापछि देशमा स्थानीय तथा संसदीय चुनावहरू सम्पन्न भएका छन् । सरकारहरू फेरिएका छन् । सरकारलाई स्थायित्व दिई विकासका कार्यहरू फटाफट गरि जनताको मन जित्ने भनिएको थियो । तर देशमा आज राजनीतिकरूपमा असन्तुष्ट समुदायका मागहरू सम्बोधनको त कुरै छाडौं, उल्टै देशमा विकासका नाममा गरिएका वाचाहरू समेत फुस्रो सावित भएका छन्, जनताको इज्जत प्रतिष्ठा दुष्टहरूद्वारा संकटमा छन् किनकि बलात्कारी तथा आर्थिक भ्रष्टाचारीहरू अख्तियार र अदालतसम्म कतिपय मुद्दामा पुगेर उम्कन्छन् भने कतिपय मुद्दामा अपराधीहरू पत्तो समेत लाग्दैनन् । सरकारका मन्त्रीहरू नै सरकारी विमान, जमिन, विकास बजेट विनियोजित रकमको भ्रष्टाचारमा परिरहेका छन् । अपराधीहरू जोगाउन सरकारी संयन्त्र दुरूपयोगका कुराहरू सुनिन्छन् । विश्वविद्यालय तथा सरकारी निकायमा योग्यभन्दा पनि दलिय भागवण्डामा सर्टिफिकेट र नामधारी तर कार्यकुशलता र दिमागमा गोबर गणेश तथा कामचोरहरूलाई हाकिम बनाईंदै जिम्मेवारी तोकिंदै छन् । आज धर्मनिरपेक्षता, संघीयता, लोकतान्त्रिक गणतन्त्र जस्ता उपलब्धिहरूभएको संविधानको कार्यान्वय वा व्यवहारिक प्रयोग नै नभईकन प्रतिगामी तत्वहरू पुनः सल्बलाईरहेका छन् । तर देशमा धेरैले हिन्दूत्व चाहेपनि प्रतिगामी राजनीतिक परिवर्तन भने चांहदैनन् ।

सो बेला २०७२ सालमा संविधान घोषणा बलजफ्ति गरिंदा असन्तुष्ट समूह कांग्रेसका केही नेताहरू जोडदाररूपमा आवाज उठाउंदै गर्दा मधेशी दल सो बेलाका संघीय समाजवादी फोरम नेपाल, नेपाल सद्भावना पार्टी तथा तराई मधेश लोकतान्त्रिक पार्टीको संयुक्त संयोजनमा देशले ठूलो राजनीतिक उथलपुथल झेलीरहेको थियो । सुशील कोइरालाकै सरकारलाई कांग्रेसकै नेताहरूको असन्तुष्टिले पहिलो पटक संविधान संशोधन नाममात्रको भयो जसमा पनि सो बेलाका प्रतिपक्षि एमालेको आपत्ति थियो किनकि सो बेलाको एमाले नेतृत्व अति मधशविरोधीको रूपमा आफूलाई प्रस्तुत गर्थे भने उसले मधेशीको वा कसैको कुनैपनि शिकायत संविधानमा छैन भनेर भन्थ्यो जसलाई नाम चलेका मार्क्सवादी अल्थुज्जरहरूको भाषामा ईडियोलौजी भनिन्छ अर्थात् वर्गीय अन्धता जसमा नेतृत्वले आफू जस्तै सबैलाई आर्थिक र राजनीतिकरूपले भरिपूर्ण ठान्छन् । यहि ईडियोलौजीकल रोगले ग्रस्त तत्कालीन एमाले र तीनका नेतृत्व थिए भने आज एमाओवादीसंगको एकीकरणमा पार्टी अलिकति यस रोगबाट मुक्त भएको होला तर नेतृत्व व्यक्तिहरूमा रोग छंदैछ किनकि आजसम्म सांच्चिकै असन्तुष्टहरूको शिकाय सम्बोधन गर्न संविधान संशोधन गरिएको छैन, गर्ने छांटकांटपनि देखिंदैन अर्थात् 'सबै कुरा संविधानमा ठिक छ !'

सो बेला प्रखर असन्तुष्टि व्यक्त गर्ने मधेशवादी दलका एक अध्यक्ष उपेन्द्र यादब त एक कदम अघि बढेर संविधान संशोधन नमान्ने र संविधान पुनर्लेखन नै गर्नुपर्ने अडानमा रहेका आज उनी न संशोधन र नै पुनर्लेखन संविधानमा भईकन तथा उनै मधेशीप्रति कडा रवैया अपनाउने केपी ओली (आन्दोलनमा मधेशी आम जनसमुदाय राज्यबाट मारिंदा 'मधेशमा आँप बढी फल्छ तसर्थ दुई चारवटा झर्दैमा केही हुंदैन' तथा मधेशीले हातेमालो संगालो विश्व कीर्तिमान कायम गर्दै आयोजना गर्दा 'माँखेसांङ्लो' भनी मधेशीको जनमतलाई चरम् अपमानित गर्ने) नेतृत्वको सरकारमा उपप्रधानमन्त्री तथा स्वास्थ्य मन्त्रीसहित अन्य मन्त्रालयको नेतृत्वपनि पार्टीद्वारा गरिरहेका छन् ।



**सर्वस्विकार्य संविधान कसरी बनाउने ?**

संसारमा आजसम्मकै सर्वोत्कृष्ट राजनीतिक प्रणाली भनेको नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रको अभ्यास भईरहेको छ । संविधानमा रहेका असन्तुष्टिको स्वरहरू संविधानमा समयसापेक्षढंगले जनताको भावना अनुसार संशोधन गर्नैपर्छ । हरेक देशका संविधानहरू संशोधित भईरहेको परिप्रेक्ष्यमा नेपालमा हुंदै हुंदैन भन्नु राजनीतिक अराजकता हो जसले रेशियल औड अर्थात् मधेशी-पहाडी बीच द्वन्द्व निम्त्याउने छन् । राजावादी तथा कम्युनिष्टहरूले पनि कांग्रेसका बीपी कोइराला तथा उनका विचारलाई आदर गर्छन् जसले भनेका थिए देशको सार्वभौमिकता केवल भूगोल नभई जनतापनि हो । यसलाई सबै दलले मिलेर व्यवहारमा उतार्ने गरि संविधान संशोधन गरेर संघीय लोकतान्त्रिक गणतन्त्रलाई दिगो बनाउने कि प्रतिगामी तत्वलाई खेल्न दिने ? आज प्रमको नाममा ओलीजीले जति राज्यको ढुकुटी विदेशमा स्वाहा पारिरह्नुभएको छ, त्यसमा मधेशी, थारू तथा अन्य असन्तुष्ट वर्गले तिरेको करको पनि रकम हो जुन उहाँले राज्यबाट लिंदा उहाँको जीवनको उत्तरार्द्धमा के कर्तव्य हो, त्यो कि स्वयंले बुझ्नु पर्‍यो कि उहाँका आसेपासेले बुझाईदिनु पर्‍यो । संसार छोड्नु त सबैको शाश्वत सत्य नै हो तर एउटा समुदायको ऋण बोकेर किन छोड्नु !

*(लेखक पाटन संयुक्त क्याम्पसमा उपप्राध्यापक हुन्)*


# मंगलमय शुभकामना

हिन्दूहरूको महान पर्व विजयादशमी, शुभ दीपावली र छठ पर्व २०७६ को पावन अवसरमा समस्त देश, प्रदेश र नगरवासीमा सुख, समृद्धि, सुस्वास्थ्य र सुखशान्तिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**मो. इस्तियाक राई**
मन्त्री
शहरी विकास



# मंगलमय शुभकामना

हिन्दूहरूको महान पर्व विजयादशमी, शुभ दीपावली र छठ पर्व २०७६ को पावन अवसरमा समस्त देश, प्रदेश र नगरवासीमा सुख, समृद्धि, सुस्वास्थ्य र सुखशान्तिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**जुली महतो**
सांसद
नेपाल कम्युनिष्ट पार्टी


## मधेश अपडेट

### भिजिट मधेशको राष्ट्रव्यापी कार्यक्रम सम्पन्न

वीरगन्ज । विश्व पर्यटन दिवसको अवसरमा भिजिट मधेश नेपालले राष्ट्रव्यापी कार्यक्रम सम्पन्न गरेको छ । भिजिट मधेश पर्यटन दिवसमा देशको २० भन्दा बढी जिल्लाहरू तथा ५ वटा प्रदेश एकै साथ पर्यटन प्रवर्द्धनका लागि विभिन्न कार्यक्रमहरूको आयोजना गरेको छ । भिजिट मधेश अभियानका अभियन्ताहरूले पर्यटकीयस्थलको सरसफाई, विदेशी पर्यटकलाई स्वागतदेखि लिएर अन्तरक्रिया कार्यक्रम तथा कार्यपत्र प्रस्तुत गर्नेसम्म कार्यक्रमहरू सम्पन्न गरेको छ । भिजिट मधेश नेपालका राष्ट्रिय संयोजक, जिल्ला संयोजकहरू तथा प्रादेशिक टिमहरूको विशेष पहलमा विभिन्न संघसंस्थाको सहकार्यमा कार्यक्रमहरू सम्पन्न गरेको भिजिट मधेश नेपाल अभियानका राष्ट्रिय संयोजक ओमप्रकाश सर्राफले बताए । अभियानअन्तर्गत काठमाडौं उपत्यका संयोजक सुनिता रौनियारको नेतृत्वमा काठमाडौंको स्वयम्भुनाथ मन्दिर सरसफाई गरिएको थियो । उक्त कार्यक्रममा अजय प्रताप साह, प्रयुसा थिङ्ग, साधना बिराजी, हंशा साह, नबिन सर्राफ, कुन्दन साह लगायतका सहभागिता रहेको थियो । त्यसैगरी, राष्ट्रिय समिति सदस्य बैजनाथ साहको नेतृत्व र पर्यटन राज्यमन्त्री सुरेश मण्डल प्रमुख आथित्यमा जनकपुरधामको राजदेवी मन्दिरको सरसफाई गरिएको छ । त्यसैगरी, वीरगन्जमा अभियानको राष्ट्रिय संयोजक ओमप्रकाश सर्राफद्वारा पर्यटन प्रवर्द्धनको विषयमा तयार पारिएको कार्यपत्र प्रस्तुत गरिएको थियो । पर्यटन प्रवर्द्धनको लागि हाम्रो सम्पदाको प्रचार प्रसार तथा सरसफाई कार्यक्रम आयोजना गरिएको अभियानका ग्लोबल कोडिनेटर प्रमोदराज सर्राफले बताए ।

### छोरीलाई सक्षम बनाउनुपर्छ : मुख्यमन्त्री राउत

जनकपुरधाम । मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले नीति कानूनले मात्र बाल विवाह अन्त्य गर्न नसकिने बताएका छन् । जनकपुरमा बुधबार आयोजित प्रदेशस्तरीय बालविवाह अन्त्यका लागि नीतिगत सम्वाद कार्यक्रममा मुख्यमन्त्री राउतले समाजमा चेतनाको अभिवृद्धि नभएसम्म नीति कानून बनाएर मात्र वालविवाह अन्त्य नहुने धारणा व्यक्त गरे । उनले भने, 'नीति कानून त धेरै पहिलादेखि नै छन्, तर बालविवाह रोक्न सकिएको छैन, यसलाई रोक्न समाजिक चेतनाको अभिवृद्धि र छोरीलाई सक्षम बनाउनु पर्दछ ।' उनले छोरीहरूलाई शिक्षित र सक्षम बनाउनुका साथै नीति तथा कानून कार्यान्वयनको पक्षलाई मजबुत बनाउनु पर्ने आवश्यकता औल्याए । प्रदेश सरकारले छोरीलाई शिक्षित र सक्षम बनाउन बेटी पढाउ बेटी बचाऊ कार्यक्रम संचालनमा ल्याएको उल्लेख गर्दै मुख्यमन्त्री राउतले त्यसको प्रतिफल देखिन शुरू भइसकेको बताए । पछिल्लो एक वर्षमा प्रदेश भित्र भ्रुण हत्यामा व्यापक कमी आएको प्रतिवेदन सार्वजनिक भइसकेको उनको कथन थियो ।

### गण्डकी प्रदेश भ्रमणका लागि निम्तो

वीरगन्ज । गण्डकी प्रदेश भ्रमणका लागि वीरगन्ज महानगरका मेयर विजयकुमार सरावगीमार्फत् वीरगन्जवासीलाई निम्तो दिइएको छ । गण्डकी प्रदेश सरकारले सन् २०१९ देखि २२ सम्म आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने लक्ष्यका सुरू गरेको गण्डकी पर्यटन प्रवर्द्धन अभियानअन्तर्गत वीरगन्जवासीलाई भ्रमणको निम्तो दिइएको हो । लोकगायक प्रजापति पराजुलीले आइतबार वीरगन्जका मेयर सरावगीलाई भेटेर निम्तो दिएका हुन् । असोज ९ गतेदेखि शुरू गरिएको अभियानको टोली आइतबार वीरगञ्ज आइपुगेको हो । प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले गण्डकी पर्यटन प्रवर्द्धन अभियान सञ्चालन गरेको छ । प्रदेशका पर्यटनमन्त्री विकास लम्सालले वीरगञ्ज महानगरपालिकाका नगर प्रमुख विजयकुमार सरावगीमार्फत वीरगञ्जवासीलाई निम्तो दिएका छन् ।

### संशोधनको मुद्दामा सरकार मौन : राई

रूपन्देही । समाजवादी पार्टीका वरिष्ठ नेता अशोक राईले आफ्नो पार्टी सरकारमा भएपनि सरकारले गर्ने नराम्रो कामको समर्थन गर्न नस्कने बताएका छन् । साथै उनले संविधान संशोधन नभए आफ्नो पार्टीले संघीय सरकार छाड्ने समेत बताए । आइतबार बुटवलमा आयोतित एक कार्यक्रममा राईले संविधान संशोधनको मुद्दामा सरकार मौन बसेको भन्दै असन्तुष्टि जनाए । प्रत्यक्ष निवाचित राष्ट्रपति, पहिचान सहितको संघीयता लगायतका विषयहरू संविधान संशोधन गर्नुपर्ने उनको माग छ । समाजवादी पार्टीका नेता राईले जनताको चाहनाअनुसार सरकार सञ्चालन हुन नसकेको आरोप लगाए । भ्रष्टाचार, घुसखोरी बढेको र यो नरोकिए जनता निराश भएर सडकमा आउनसक्ने उनको विश्लेषण छ ।

### जनमतद्वारा शुभकामना तथा सम्मान

नेपालगन्ज । जनमत पार्टी बाँकेले दशैंको शुभकामना तथा कार्यकर्ता सम्मान कार्यक्रम सम्पन्न गरेको छ । शनिबार जनमत पार्टी बाँकेको आयोजनामा गरिएको कार्यक्रममा प्रमुख अतिथि जनमत पार्टीका केन्द्रीय सदस्य तथा बाँके इन्चार्ज इरफान अहमद शेष थिए भने कार्यक्रम राजितराम बर्माको अध्यक्षतामा भएको थियो । कार्यक्रममा स्वतन्त्र मधेश गठबन्धनको कार्यक्रमहरू अभियान चलाउँदा राज्यद्वारा गिरफ्तार गरिएका नेता कार्यकर्ताहरूको दोसल्ला तथा फूलमाला लगाइ सम्मान गरिएको थियो । कार्यक्रममा शहीद राम मनोहर यादवको फोटोमाथि फूलमाला प्रमुख अतिथिद्वारा लगाइ अगाडी बढाइएको थियो । कार्यक्रम उद्घोषण कार्य जनमत का नेता अनवर खान आजादले गरेका थिए । कार्यक्रममा सम्मानित हुने स्वराजीहरू जनमतका नेता इरफान अहमद शेष, स्वराजीहरू राजितराम बर्मा, प्रदिप गडाडिया, अनवर खान, दिपक पासी, केदार बर्मा, जाबिर हल्वाइ,हेमराज धोवी, एंव अन्य स्वराजिहरू रहेका थिए । कार्यक्रममा स्वागत मन्तब्य देवराज मौर्याले गरेका थिए । मन्तब्यकै क्रममा धेरै बक्ताहरूले मन्तब्य राख्दै संगठन बलियो कसरी बनाउने बारे धारणा राखेका थिए ।

### छिट्टै प्रादेशिक सञ्चार नीति बनाइने

कैलाली । सुदूरपश्चिम प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री प्रकाशबहादुर शाहले छिट्टै प्रादेशिक संचार नीति र कानुन निर्माण हुने बताएका छन् । प्रदेश सरकार स्थानीय संचार माध्यम, संचारकर्मी तथा प्रदेशको वस्तुस्थिती चाहना र आवश्यकताअनुसार छिट्टै प्रादेशिक संचार नीति बनाउने प्रक्रियामा छ संचार प्रतिष्ठान नेपाल कैलीलीद्धारा बुधबार धनगढीमा आयोजित 'संघीयतामा स्थानीय शासन, खाजी पत्रकारिताका' सन्दर्भमा विषयक कार्यशालाको उद्घाटन गर्दै मन्त्री शाहले भने ।

### कोसेली महोत्सव सम्पन्न

विराटनगर । स्वदेशी उत्पादनको प्रवर्द्धन गर्ने उद्देश्यका साथ विराटनगरमा सञ्चालित ५ दिने कोसेली महोत्सव सम्पन्न भएको छ । 'राष्ट्रको आर्थिक वृद्धिमा सहयोग गरौं, स्वदेशी उत्पादनको प्रयोग गरौं' भन्ने मूल नाराका साथ सुरू गरिएको कोसेली महोत्सवमा १६ लाखको कारोबार भएको महिला उद्यम समितिका अध्यक्ष सन्तोष जैनले जानकारी दिए । झरीका कारण १ दिन ढिला गरी सुरू गरिएको महोत्सवमा लक्ष्यअनुसार कारोबार गर्न नसकिएको आयोजकले जनाएको छ । १३ लाख खर्च भएको महोत्सवमा ६ हजारले अवलोकन गरेको नेपाल युवा उद्यम मञ्च तथा महोत्सवका संयोजक मनोजविक्रम शाहले जानकारी दिए । उद्योग संगठन, महिला उद्यम समिति तथा नेपाल युवा उद्यमी मञ्चको संयुक्त आयोजनामा भएको महोत्सवको समापनको अवसरमा बोल्दै उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री जगदीश कुसैयतले उद्योग आर्थिक विकासको मेरूदण्ड रहेकाले उद्यमशीलता बढाउन प्रदेश सरकार लागि पर्ने बताए ।

## पोष्ट ओडिएफ प्रोजेक्ट सञ्चालन गर्नुपर्छ : मन्त्री सोनल

काठमाडौं । प्रदेश २ का भौतिक पूर्वाधार विकासमन्त्री जितेन्द्र सोनलले नेपाल खुल्ला दिशामुक्त हुनु नेपालीका लागि गौरवको विषय रहेको बताएका छन् । सोमबार 'खुला दिसामुक्त राष्ट्र एवं पूर्ण सरसफाइमा अग्रसर नेपाल' घोषणा कार्यक्रममा सम्बोधन गर्दै मन्त्री सोनलले यस्तो कुरा बताएका हुन् । उनले प्रदेश २ मा खुल्ला दिसामुक्त अभियान चलाइरहँदा विभिन्न अवसर र चुनौतीहरूको सामना गर्नुपरेको अनुभव सुनाए । 'यो अभियान चलाउँदा धेरै अवसर र चुनौती थियो । यस्तो समस्या सातै प्रदेश थियो' उनले भने, 'तर पनि हामीले यो ऐतिहासिक सफलता प्राप्त गर्‍यौं ।' खुला दिसामुक्त हुनु नेपालकै लागि यो गौरवको विषय रहेको उनले बताए । 'नेपाली समाजका लागि यो प्रतिष्ठा र सम्मानसँग जोडिएको हो । सभ्यता र संस्कृतिसँग जोडिएको विषय हो,' मन्त्री सोनलले भने । उनले अब नेपालीले छाती फुलाएर विश्वमै सभ्य देशका नागरिक भएको भन्ने चिनाउन गर्व गर्ने बताए । पाँच वर्षमै नेपालले यस्तो सफलता हासिल गरेको मन्त्री सोनलले जिकिर गरे । खुल्ला दिसामुक्त नेपाललाई सफल बनाउन उनले पोष्ट ओडिएफ कार्यक्रम सञ्चालन गर्न सुझाव पनि दिएका छन् । उनले पोष्ट ओडिएफ कार्यक्रम सञ्चालन गरेपछि मात्र यसलाई स्थायित्व दिन सकिने बताए ।

# जलवायु परिवर्तन : एक गम्भीर सवाल



डा.श्रीभगवान ठाकुर

**पृष्ठभूमिः**
जलवायु परिवर्तन विश्वव्यापी सबाल रहेको छ। नेपाल जस्ता अतिकम विकशित राष्ट्रहरूको लागि जलवायु परिवर्तन वातावरणीय एवं सामाजिक चुनौतिको रूपमा बढी देखापरेको छ। जलवायु परिवर्तनका असरहरू देशभर अनुभव गरिरहेको अवस्था छ। स्थानीय समुदायहरूले वर्षाको प्रकृतिमा परिवर्तन भइरहेको देखिरहेका छन् जस्तैः हिउंदमा वर्षा हुने क्रम घटेको छ।
तापक्रममा पनि उतिकै फेर बदल आई हिउँ पर्ने ठाउँमा हिउँ नपर्ने, जाडो लाग्ने ठाउँमा गर्मी, हावाहुरीमा परिवर्तन, जीवजन्तु तथा वनस्पतिको व्यवहारमा फरक, आदि महशुस गरिरहेको अवस्था छ। वर्षा/गर्मीको समय झन गर्मी हुंदै गएको र हिउंदको समयमा कम चिसो, जाडो अवधि घट्ने तथा गर्मी बढेको, सुख्खा, हावाहुरी, शितलहरी महशुस गरिरहेको अवस्था छ भने पानीका श्रोतहरू सुकिरहेको भन्ने आम धारणा नै भईसकेको छ। बाढी, पहिरो, असिना, भू-क्षयको मात्रामा बृद्धि हुंदै गएको, बनमा हुने आगलागीको घटनामा बृद्धि, रोगव्याधिमा बृद्धि, जंगली जनावरहरूका प्रकोप, आदि जलवायु परिवर्तन भएको कारण मानिन्छ।
यी सम्पूर्ण असरहरूले समग्रमा स्थानीयस्तरमा कृषि बाली तथा पशु उत्पादनमा नकारात्मक योगदान पुगेको देखिन्छ। यी नकरात्मक असरले मानव, पशुवस्तु, बाली नाली, बन जंगल, पारिस्थितिक प्रणाली, जैविकविविधता, उर्जा, स्वास्थ्य, खानेपानी, पूर्वाधार, आदि प्रत्येक क्षेत्र प्रभावित भएको छ। फलस्वरूप मानवको जीविकोपार्जन कठिन हुन पुगेको अवस्था छ। यस समस्यासँग जुध्न केही घरपरिवारहरू शहरतिर बसांई सराई गरेका छन् भने केहीले रोजगारीको लागि आफ्ना सदस्यलाई वैदेशिक रोजगारमा पठाएका पाइन्छ।

**परिभाषाः**
साधारणतया मौसम र जलवायुको बुझाई समान किसिमको मानिन्छ। तर यसमा भिन्नता रहको छ। मौसम भनेको कुनै स्थानको वायुमण्डलको छोटो समयको अवस्था (बढीमा २ हप्ता) – तापक्रम, आर्द्धता, हावा, वर्षा, हावाको चाप, आदि बुझिन्छ। तर जलवायु भनेको मौसमको लामो समयको औषत अवस्था तथा प्रबृति ( सामान्यतया ३० वर्ष) लाई बुझिन्छ।
जलवायु परिवर्तन लामो अवधिको तापक्रम र वर्षामा भएको हेरफेरलाई बुझिन्छ, यो वैज्ञानीक पक्ष पनि हो।
मौसम परिवर्तन भई रहन्छ तर जलवायु लामो समयसम्म स्थिर रहन्छ। लामो समयसम्म स्थिर हुनुपर्ने जलवायुमा अनपेक्षीत रूपमा हाल परिवर्तन आईरहेको छ। नेपालमा प्रति वर्ष ०.०५६ डि.से.ग्रे.ले तापक्रम बढि रहेको छ भने वर्षा ५ देखि १० प्रतिशतले बढिरहेको जलवायु तथा मौशम विज्ञान विभागको प्रतिवेदनले देखाउँछ।

**जलवायु परिवर्तनका मुख्य कारणहरूः**
जलवायु परिवर्तनको मुख्य कारण वातावरणमा रहेका निश्चित हरितगृह ग्यांसहरू ( कार्बनडाईअक्साइड, मिथेन, आदि) को मात्रामा भएको उल्लेख्य बृद्धिलाई मानिएको छ। यसले पृथ्वीको तापमानमा वृद्धि भएको छ। जलवायु परिवर्तन सूर्यको प्रकाश, पृथ्वीको कक्ष, भू-प्लेट मुभमेन्ट, ज्वालामूखी विस्फोट तथा हरितगृह ग्यासहरूको मात्रामा बृद्धिले गर्दा हुन्छ। कार्वन डाईअक्साइड (५६%), मिथेन (१८%), सल्फर हेक्जा क्लोराईड (१३%), ओजन (७%), नाईट्रस अक्साइड (६%), र पानीको वाफ हरितगृह ग्यांसहरू हुन।
संसारमा प्रत्येक नागरीकले औशतमा वार्षिक ४,०८० कि.ग्रा. हरितगृह ग्यांस उत्सर्जन गर्दछ। गाईबाट मात्र प्रतिवर्ष ३,५०० कि.ग्रा, बाखाबाट ३७० कि.ग्रा., प्रत्येक १०० घंटा कम्प्यूटर प्रयोगबाट ९ कि.ग्रा, प्रति वर्ष टेलीभिजनको प्रयोगबाट २३ कि.ग्रा., औशतमा एक वर्षमा अमेरीकन खानाबाट २,१९० कि.ग्रा., मांसाहारी खाना बाट १२२० कि.ग्रा. तथा साकाहारी भोजनबाट १९० कि.ग्रा.प्रति वर्ष हरितगृह ग्यांस उत्सर्जन हुन्छ।

**जलवायु परिवर्तनका स्थानीयस्तरसम्मको जोखीमता**
हरितगृह ग्यांस उत्सर्जनमा विकसित राष्ट्रहरू बढी जिम्मेवार भए तापनि असरको भागिदार भने विश्वका सबै राष्ट्रहरू हुन। तर अल्प विकसित तथा अति कम विकसित राष्ट्रहरू बढी प्रभावित भएका छन्।
नेपाल जस्ता गरिब मूलुकहरू सीमित श्रोत र साधनको कारण जलवायु परिवर्तनको असरसंग सामना गर्न सक्ने क्षमतामा कमी हुंदा बढी पीडित भईरहेको अवस्था छ । यसैगरी नेपाल भित्र पनि गरिब तथा सिमान्तकृत समुदाय, विकट तथा तराईमधेशमा बढी जोखिम महशुस भएको छ। जलवायु परिवर्तनको मुख्य तत्व भनेको स्थानीयस्तरमा हुने अनिश्चितता नै हो। स्थानीय हावापानीमा हुने अनिश्चितताले गर्दा गरीव विपन्न समुदायहरूको दैनिक जीवन जोखिममा पर्दछन्।

**जलवायू परिवर्तनका अनुमानित प्रभावहरूः**
जलवायु परिवर्तनको जोखीमको कुरा गर्ने हो भने सन् २१०० सम्ममा पृथ्वीको औषत तापक्रम ६.४ डिग्री सेन्टीग्रेडले वढ्नेछ। तापक्रम २.५ डिग्री मात्रै वढ्दा पनि संसारका ३० प्रतिशत प्रजाती लोप हुने छन्। सन् २१०० सम्ममा समुद्री सतह ४३ से.मि.ले वढ्ने छ। २०५० सम्ममा आर्कटिकको हिउं समाप्त हुनेछ। हरेक वर्ष ६ मा १ देशले खद्यान्न संकट झेल्नुपर्नेछ। तीन देखि सात विलियन मानिसमा पानीको हाहांकार पर्नेछ भनी बैज्ञानिकहरूको आंकडा रहेको छ।
त्यसैले, जलवायु परिवर्तनको असरसंग जुझ्ने प्रभावकारी उपाय भनेको समुदायस्तरमा उक्त असरहरूसंग सामना गर्न सक्ने अनुकूलन क्षमता (तत्कालीन र दीर्घकालीनरूप) मा बृद्धि गराउनु तथा त्यसका संकटासन्नता घटाउनु हो।

**नीतिगत व्यवस्था**
जलवायु परिवर्तन सम्बन्धी महासन्धिको नेपाल पक्ष राष्ट्र भएको र जलवायु परिवर्तनका असर मानिस, पूर्वाधार, आर्थिक क्षेत्र तथा प्राकृतिक स्रोतमा बढ्दै गएकोले जलवायु परिवर्तन सम्बन्धी महासन्धिका संयुक्त राष्ट्रसंघीय खाका अनुसार नेपाल सरकारबाट स्वीकृत राष्ट्रिय अनुकूलन कार्यक्रम (नापा, २०६६), स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचना (लापा, २०६८) तथा जलवायु परिवर्तन नीति (२०६७) बमोजिम जलवायु अनुकूलनका कार्यहरू कार्यान्वयनमा आएकाछन्। यसैगरी वि.सं. २०६९ सालदेखि जलवायु वित्तलाई जलवायु परिवर्तन बजेट कोडमार्फत स्थानीयस्तरकासम्म पुऱ्याइएको छ। नापाले तत्काल कार्यान्वयनमा ल्याउनु पर्ने अत्यावश्यक जलवायु अनुकूलनका कार्यहरू कार्यान्वयन गर्न सहयोग पुऱ्याएको छ। जलवायु परिवर्तनको असर ब्यापक वन्दै गएकोले मध्यकालीन र दीर्घकालीन अनुकूलन कार्यहरू कार्यान्वयन गर्नु पर्ने आवश्यकता पनि टड्कारोरूपमा देखिएको छ।
सन् २०१० मा मेक्सिकोको क्यानकुनमा सम्पन्न महासन्धिको पक्ष राष्ट्रहरूको १६औं सम्मेलनबाट स्वीकृत क्यानकुन अनुकूलन संरचनामा विकासशील देशहरूले राष्ट्रिय अनुकूलन योजना (न्याप) तर्जुमा गरी मध्य र दीर्घकालीन अनुकूलनका कार्यहरू कार्यान्वयन गर्ने व्यवस्था रहेको छ। क्यानकुनमा हानी तथा नोक्सानी सम्बन्धी कार्यक्रम र अनुकूलन समितिको स्थापना गर्ने समेत निर्णय भयो। तत्पश्चात् सन् २०११ मा दक्षिण अफ्रिकाको डर्बानमा सम्पन्न पक्ष राष्ट्रहरूको १७औं सम्मेलनले राष्ट्रिय अनुकूलन योजना तर्जुमाका लागि प्रारम्भिक निर्देशिका निर्णय गऱ्यो र अति कम विकसित मुलुकहरूको लागि स्थापित विज्ञ समूहले सो प्रारम्भिक निर्देशिकाको आधारमा राष्ट्रिय अनुकूलन योजना तर्जुमा गर्नका लागि प्राविधिक निर्देशिका तयार गरी प्रकाशन गऱ्यो। नापा अति कम विकसित मुलुकहरूले मात्रै तयार गरी कार्यान्वयन गरे भने न्याप सबै विकासशील देशहरूले तर्जुमा गरी कार्यन्वयन गर्नेछन्। राष्ट्रिय अनुकूलन योजना तर्जुमाको मुख्यतया दुईवटा उद्देश्य रहेका छन्। (क) अनुकूलन क्षमता र समानुकूलित विकासको माध्यमबाट जलवायु संवेदनशील क्षेत्रमा जलवायु परिवर्तनले निम्त्याएको सङ्कटासन्नता न्यूनीकरण गर्ने, र (ख) विद्यमान तथा नयाँ सान्दर्भिक नीति, कार्यक्रम र गतिविधिहरू, विशेषतः विकास योजना निर्माणको प्रक्रिया र रणनीतिहरूमा उपयुक्तताको आधारमा सम्बन्धित क्षेत्र र तहहरूमा सुसंगत तरिकाबाट जलवायु अनुकूलनलाई समायोजन गर्ने रहको छ।
नेपालको तर्फबाट उक्त महासन्धिको केन्द्रविन्दूको हैसियतमा कार्य गरिरहेको जनसङ्ख्या तथा वातावरण मन्त्रालय (हाल वन तथा वातावरण मन्त्रालय) ले वि.सं. २०७२ साल असोज १ गते एक कार्यक्रम बीच न्याप तर्जुमा प्रकिया शुरू भएको सार्वजनिक गरी ९ वटा विषयगत कार्य समूहहरू बनाई विभिन्न मन्त्रालयहरूसँग समन्वय गरी कार्य अगाडी बढाईएको थियो। सो राष्ट्रिय अनुकूलन योजना तर्जुमाको प्रक्रिया पुनः सुचारू रहेको छ। नेपालका जलवायू परिवर्तन महाशाखा खुलेको, जलवायू परिवर्तन सम्बन्धी बहुसरोकारवालाहरूको समन्वय समिति तथा जलवायू परिवर्तन परिषद् समेत रहेका छन्। जलवायू परिवर्तन नीति २०६७ परिमार्जन गरी जलवायू परिवर्तन नीति २०७६ समेत पारित भएको छ।

**जलवायु परिवर्तनका असरहरूः**
जलवायु परिवर्तन तापक्रममा बृद्धि, बर्षामा परिवर्तन तथा हावाहुरीमा परिवर्तनले प्रकृति, मानव, पशुवस्तु तथा मानवका सरोकारका अनेक विषयमा विभिन्न किसिमका नकरात्मक असर परेको छ। पारिस्थितिय प्रणाली तथा जैविक बिबिधता देखि लिएर खाद्य उत्पादन तथा जल श्रोत, जनस्वास्थ्य तथा बसोबास, सामाजिक - आर्थिक विकासमा नकरात्मक असर प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा परिरहेको छ।
जलवायु परिवर्तनले देशको अर्थतन्त्र, जनसंख्या, प्रबिधि, सुशासन व्यवस्था साझै प्रभावित भएको छ। त्यसकारणले नेपाल जस्तो अति कम विकसित राष्ट्रले जलवायु अनुकुलन कार्यमा तदारूकता देखाउनु आवश्यक रहेको छ। साथ साथै अनुकुलनसंगै हरितगृह ग्यांस उत्सर्जन) न्यून हुने खालका प्रविधिमा जोड गर्नु पर्दछ।

**उपायहरूः**
मानवीय क्रियाकलापबाट उत्सर्जित हरितगृह ग्याँसबाट जलवायु परिवर्तनमा आएको तिव्रताका कारण न्यूनतम हरितगृह ग्याँस उत्सर्जन गर्ने तर सङ्कटासन्न अवस्थामा रहेका नेपाल जस्ता अति कम विकसित मुलुकका ब्यक्ति, समुदाय र पारिस्थितिकीय प्रणालीको अनुकूलन तथा समानुकूलन क्षमता बढाउनु अत्यावश्यक भएको छ। हरितगृह ग्याँसको उत्सर्जन प्राकृतिक तथा मानव सिर्जित प्रभावबाट हुन्छ। यी मानव सिर्जित हरितगृह ग्याँसको उत्सर्जनलाई हामी आफ्नो दिन चर्यामा तथा व्यवहारबाट न्यूनीकरण गर्नु पर्दछ। कल कारखाना, गाडी, वन विनास, धान खेती, पशुपालन जस्ता विकासका कार्यहरू वातावरणमैत्री तथा हरितगृह ग्याँसको उत्सर्जन कम गर्ने प्रविधि तथा अभ्यासहरू सबै निकायबाट हुनु जरूरी छ।
अतः नेपालमा द्रुत गतिले बढदै गईरहेको जलवायु परिवर्तन मानव जीवन तथा प्राकृतिक प्रणालीका सबै क्षेत्रहरू प्रत्यक्षरूपमा नकरात्मक प्रभाव परिरहेकाले सबै पक्षले आ-आफ्नो प्रयासबाट अनुकूलनका अनेक उपायहरूको पहिचान, परिमार्जन, अनुसंधान, विकास तथा प्रसारण गरी समानुकुलित जीवन वा समउत्थानशील समाजको निर्माणका लागि सम्बन्धित निकायहरू समन्वय र सहकार्य गरी तिनै तहको सरकार लाग्न जरूरी देखिन्छ। यसका लागि अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन उयायहरूः नीतिगत व्यवस्था देखि लिएर अध्ययन अनुसंधान, पैरवी, प्रविधि विकास, उपयोग, योजना /परियोजना निर्माण, लगानी, संचालन तथा अनुगमन मूल्यांकनमा विशेष ध्यान सरकार तथा नागरीकको ध्यान जानु महत्वपूर्ण देखिन्छ।

मंगलमय शुभकामना
हिन्दूहरूको महान पर्व विजया दशमी, शुभ दीपावली र छठ पर्व २०७६ को पावन अवसरमा समस्त देश, प्रदेश र नगरवासीमा सुख, समृद्धि, सुस्वास्थ्य र सुखशान्तिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।
पशुपति दयाल मिश्र
नेता
स्वतन्त्र राजनीतिक समूह

मंगलमय शुभकामना
हिन्दूहरूको महान पर्व विजया दशमी, शुभ दीपावली र छठ पर्व २०७६ को पावन अवसरमा समस्त देश, प्रदेश र नगरवासीमा सुख, समृद्धि, सुस्वास्थ्य र सुख शान्तिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।
रामेश्वर राय यादव
सांसद
नेपाल कम्युनिष्ट पार्टी

मंगलमय शुभकामना
हिन्दूहरूको महान पर्व विजयादशमी, शुभ दीपावली र छठ पर्व २०७६ को पावन अवसरमा समस्त देश, प्रदेश र नगरवासीमा सुख, समृद्धि, सुस्वास्थ्य र सुखशान्तिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।
हरिप्रसाद मण्डल
मेयर
मटिहानी नगरपालिका, महोत्तरी

मंगलमय शुभकामना
हिन्दूहरूको महान पर्व विजयादशमी, शुभ दीपावली र छठ पर्व २०७६ को पावन अवसरमा समस्त देश, प्रदेश र नगरवासीमा सुख, समृद्धि, सुस्वास्थ्य र सुखशान्तिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।
मंगलप्रसाद गुप्ता
अध्यक्ष
हिन्दी मञ्च नेपाल

## संक्षिप्त समाचार

### दशैं बजार उद्घाटन
जनकपुरधाम। दशैं, दिपावली र छठ पर्वको अवसर पारेर प्रत्येक वर्ष जनकपुरधाममा लाग्ने दशैं बजारको मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले उद्घाटन गरेका छन्। उपभोक्तालाई एकै थलोबाट आवश्यक सामग्री सुपथ मुल्यमा उपलब्ध गराउने परम्पराको प्रसंशा गर्दै मुख्यमन्त्री राउतले यस प्रकारको बजार बाह्रै महिना लगाउने तर्फ ध्यान दिनु पर्ने आश्यक्ता औल्याए। प्रमुख जिल्ला अधिकारीको अध्यक्षता एवं जनकपुर उद्योग वाणिज्य संघको व्यवस्थापनमा आइतबारबाट शुरू भएको मेला अष्टमी तिथिसम्म रहने जनाइएको छ। प्रमुख जिल्ला अधिकारी प्रदीपराज कणेलको अध्यक्षतामा भएको उद्घाटनसत्रमा प्रदेशसभा सदस्य परमेश्वर साह, जनकपुर उद्योग वाणिज्य संघका अध्यक्ष, पूर्वअध्यक्ष लगायतका वक्ताहरूले शुभकामना मन्तव्य राखेका थिए।

### पूर्ण सरसफाई कार्यक्रम संचालन
रौतहट। रौतहट जिल्लाको बौधीमाई नगरपालिका, मौलापुर नगरपालिका र फतुवा विजयपुर नगरपालिकामा पूर्ण सरसफाई कार्यक्रमका क्रियाकलापहरू संचालनमा रहेको छ। कार्यक्रम लागू भएका नगरपालिका तथा वडाहरूको स्थानीय जनतालाई स्वच्छता सम्बन्धि सचेतीकरण, उत्प्रेरितिकरण गर्नुको साथै सरसफाइ तथा स्वच्छता सम्बन्धि आनिबानीमा परिवर्तन, हातधुने तरिकाका आदिबारे समुदायलाई जानकारी गराउने उद्देश्यले यूएन हैबीटाटको सहयोग तथा सामुदायिक शक्ति रौतहटद्वारा पूर्ण सरसफाइ कार्यक्रम संचालित गरिएको हो। कार्यक्रम बौद्धीमाई न.पा.का वार्ड नं. २, ३, ४ मौलापुर न.पा. का वार्ड नं. १, २, ३, ४, ५ तथा फतुवा विजयपुर नगरपालिकाका वार्ड नं. ६, ९, १०, ११ मा पूर्ण सरसफाइ सम्बन्धि विभिन्न क्रियाकलापहरू चलिरहेको संस्थाका अध्यक्ष मिथलेश झाले बताएका छन्।

### बाँकेमा विश्व हुलाक दिवस मनाइयो
नेपालगन्ज। हुलाक कार्यालय बांकेको आयोजनामा "अबको हुलाक सेवाः सेवामा विविधता र प्रतिस्पर्धा" नाराका साथ विश्व हुलाक दिवस मनाइएको छ। जिल्ला हुलाक कार्यालय बांकेका कार्यालय प्रमुख हुलाक अधिकृत गोबिन्द पसाद पाण्डेको अध्यक्षतामा संचालन गरिएको सो कार्यक्रमको प्रमुख अतिथि जिल्ला समन्वय समिति बांकेका प्रमुख अजयकुमार श्रीवास्तव तथा बिशेष अतिथिमा बाँकेका प्रमुख जिल्ला अधिकारी कुमार बहादुर खड्का थिए। कार्यालयका बिभिन्न शाखामा सेवा लिन आउने पाँच जना सेवाग्राहीहरूलाई सम्मानित गरिएको थियो।

### घुससहित दुई जना पक्राउ
इमरान खान, कपिलबस्तु। जिल्लामा अख्तियारद्वारा विद्यालयका प्रधानाध्यापक र कार्यालय सहयोगी ४० हजार घुससहित पक्राउ परेका छन्। पक्राउ पर्नेमा शिवराज नगरपालिका ६ विशुनपुरमा अवस्थित श्री बाल ज्योति मा.वि.का प्रधानाध्यापक रविन्द्र प्रसाद मौर्य र सोही विद्यालयका कार्यालय सहयोगी रामकुमार लोनियालाई अख्तियार दुरूपयोग अनुसन्धान आयोग बुटवलको टोलीले रंगेहात पक्राउ गरेको हो। उनीहरूलाई चन्द्रौटा स्थित न्यू सिद्धार्थ होटलबाट पक्राउ गरेको हो। विज्ञान शिक्षक भर्ना गर्ने उद्देश्यले सो रकम मगेका थिए। उनीहरू माथि थप अनुसान्धन भइरहेको अख्तियार दुरूपयोग अनुसन्धान आयोग बुटवलले जनाएको छ।

### बालिकालाई दुर्व्यवहार गर्ने पक्राउ
रूपन्देही। ९ वर्षीया बालिकालाई यौन दुर्व्यवहार गरेको अभियोगमा तिलोत्तमा नगरपालिका-४ बस्ने ५२ वर्षीय दिपक कुमार क्षेत्रीलाई मंगलबार बिहान प्रहरीले पक्राउ गरेको छ। पैसाको प्रलोभन देखाई ती बालिकालाई आइतबार दुर्व्यवहार गरेको भन्ने खबर प्राप्त हुनासाथ अस्थाई प्रहरी चौकी ड्राईभरटोलबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

### विद्यालयहरूमा बाल क्लब गठन
रौतहट। यूएन हैबीटाटको सहयोग तथा सामुदायिक शक्ति रौतहटद्वारा संचालित पूर्ण सरसफाइ कार्यक्रम रौतहटअन्तर्गत बौद्धीमाई, मौलापुर तथा फतुवा विजयपुर नगरपालिकाका विभिन्न १२ वटा वार्डहरूका जम्मा १५ वटा विद्यलायहरूमा बाल क्लब गठन गरिएको छ। यसको मुख्य उद्देश्य कार्यक्रम लागू भएका नगरपालिका तथा वार्डहरूमा परिचालन भई अभिभवाकहरूलाई सरसफाइ तथा स्वच्छता सम्बन्धि सचेतिकरण, उत्प्रेरितिकरण गर्नुको साथै सरसफाइ तथा स्वच्छता सम्बन्धि आनिबानीमा परिवर्तन, हातधुने तरिका आदिबारे समुदायलाई जानकारी गराई सहयोग गर्नु रहेको छ।

### औषधी बरामद
कैलाली। कैलाली जिल्लाको भजनी नगरपालिका ३ मौरियाभाटबाट एपीएफ टोलीले करीब पाँच लाख ४९ हजार रूपैयाँ बराबरको चोरीपैठारीको औषधी बरामद गरेको छ। भारतबाट अवैध रूपले भन्सार छली ल्याउँदै गरेको अवस्थामा उल्लेखित मूल्य बराबरको ओरियनस कम्पनीको औषधी सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोष्ट भजनीबाट खटिएको एपीएफ टोलीले बरामद गरेको हो।

### ट्याक्टर दुर्घटनामा महिलाको मृत्यु
रूपन्देही। गैंडहवा गाउँपालिका-३ गोब्रौलीस्थित सडकमा लु.२ त ४३९३ नम्बरको ट्याक्टर दुर्घटना हुँदा एक महिलाको मृत्यु भएको छ। ट्याक्टर अनियन्त्रित भई आइतबार बिहान दुर्घटना हुँदा गम्भीर घाइते भएकी ट्याक्टरमा सवार रूपन्देही गैडहवा गाउँपालिका-३ बस्ने ६० वर्षीया गायत्री थारूको मेडिकल कलेज भैरहवामा उपचारको क्रममा मृत्यु भएको छ। दुर्घटनामा घाइते भएका अन्य १० जनाको सोही मेडिकल कलेजमा उपचार भइरहेको छ। ट्याक्टर चालक हाल फरार रहेकोले प्रहरीले खोजी गरिरहेको छ।

### चार केजी गाँजासहित मियाँ पक्राउ
पर्सा। पर्सागढी नगरपालिका-४ भेडाहा टोलबाट अवैध लागूऔषध गाँजा करिब ४ केजी सहित वीरगंज महानगरपालिका(३१ मिलनचोक नवका टोल बस्ने ५५ वर्षीय सम्सुदिन मियालाई शुक्रबार दिउँसो प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय पर्सा र प्रहरी चौकी मिलनचोकबाट संयुक्त रूपमा खटिएको टोलीले जाँच गर्ने क्रममा उनलाई उक्त परिमाणको लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो।

### जीपको ठक्करबाट पैदलयात्रीको मृत्यु
मोरङ। उर्लाबारी नगरपालिका-७ स्थित सडकमा जीपको ठक्करबाट एक पैदलयात्रीको मृत्यु भएको छ। बा.१६ च ५५३२ नम्बरको स्कार्पियो जिपको ठक्करबाट गम्भीर घाइते भएका पैदलयात्री तेह्रथुम लालिगुराँस नगरपालिका-९ बस्ने ३६ वर्षीया पुजा रस्तेलको नोबेल अस्पताल बिराटनगरमा उपचारको क्रममा शनिबार बिहान मृत्यु भएको छ। जिप र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

### दसगजामा सरसफाई
कैलाली। नेपाल र भारतका सुरक्षाकर्मीले बुधबार गौरीफन्टा नाकास्थित दसगजा र आसपासका क्षेत्रमा सरसफाइ गरेका छन्। पर्व दशैंको अवसर पारेर नेपाल प्रहरी, सशस्त्र प्रहरी, भारतीय सीमा सुरक्षा बल (एसएसबी) र भारतीय वनका कर्मचारीले संयुक्त रूपमा सरसफाई गरेका हुन्। सुरक्षाकमीले मन्दिर परिसर, डोके बजारलगायतका क्षेत्रमा सरसफाई गरेका छन्।

## जातीय विभेद कम हुँदै
सिरहा। छुवाछुतमुक्त समाज निर्माणका लागि घरभन्दा बाहिर हुने कार्यक्रम र छलफलमा जान थालेपछि अनिता यादवलाई कूलदेवताको घरमा दीप जलाउन समेत प्रतिबन्ध लाग्यो। सासु, जेठानी र नन्दले सानो जातिले छोएको खाजा र पानी खाएको भन्दै कूलदेवताको घरमा निषेध गरेको थियो। तर यो कुरा अब सपनामा भए जस्तो मात्रै लाग्छ। समय फेरिएको छ। अनिता भन्छिन्, 'अब कूदलेवताको घरमा मलाई कुनै बन्देज छैन। सासु, जेठानी र नन्दले समेत छुवाछुत अमानवीय कार्य भएकोले गर्न नहुने र त्यस्तो अभ्यासलाई निरन्तरता दिए कानुनी कठघारामा उभिनुपर्ने थाहा पाएपछि वर्ष दिनभित्रै समय फेरिएको हो। सखुवानन्कारकट्टी गाउँपालिका ५ महेशवारीस्थित इलाका प्रहरी कार्यालयको गोलघरमा नियमित हुने छलफलमा अधिकारकर्मी एवं मानवअधिकार पैरवी संजालका सदस्यहरूले यस्तै सफलताका संघर्ष र परिवर्तनका कथाहरू सुनाउने गर्छन्। पहिला पहिला मन्दिरमा कथित उच्च जातिका कोही वा पुजारी मार्फत मन्दिरमा प्रसाद चढाउनु पऱ्थ्यो तर समय फेरिएको शिव कुमारी पासवानले बताइन्। उनले भनिन्, 'मन्दिरमा जुनसुकै समूदायको मानिसले आफै पनि प्रसाद चढाउने पाउने बातावरण बनिसकेको छ।' मानवअधिकार पैरवी संजाल सखुवानन्कारकट्टीका संयोजक सत्यनारायण ठाकुरले बिना तलब र भत्ताले नै गाउँमा जातीय सद्भाव कायम गर्न सकिने बताए। उनले भने, 'गाउँमा जातीय सद्भाव र छुवाछुतमुक्त बनाउन नियमित छलफल र संवाद आवश्यक छ।'

# तराई-मधेशमा पर्यटन प्रवर्द्धनका उपाय

विश्व परिवेशमा पर्यटन क्षेत्रको दायरा र महत्व दिनप्रतिदिन फराकिलो हुँदै गईरहेको छ। विकास र समृद्धिमा पर्यटन क्षेत्रले ठूलो योगदान गर्छ। पर्यटनको विकासले GDP मा पनि अप्रत्याशित बढोतरी गर्न सक्ने र रोजगारको अवसरहरू सृजना गर्न कोशेढुङ्गा साबित हुने गर्दछ। पर्यटन प्रवर्द्धनले सामाजिक चेतना विकास, सरसफाइ पर्यावरण स्वक्षतामा सकारात्मक प्रभाव तथा स्थानीय पहिचान, कला, संस्कृतिको जगेर्ना र संरक्षण हुने, स्थानीय उत्पादन, हस्तकलाले बजार पाउने सम्भावनाहरू बढ्दै जान्छ। नेपाल सरकारले नेपाल भ्रमण वर्ष 2020 घोषणा गरेको छ। यो अभियान सफल गराउन हामी सबैको दायित्व हो, सँगै यो अभियानले तराई मधेशलाई समेटर जानू पर्ने उतिकै आवश्यक छ। भ्रमण वर्षको प्रभावबाट तराई मधेश पनि लाभान्वित हुन सकोस् र यो अभियानमा तराई मधेश पनि साझेदार बनोस् हाम्रो चाहना छ। यो अवसरका लागि वातावरण निर्माण गर्ने मुख्य जिम्मेवारी राज्य एवं VN2020 छ।

तराई मधेशमा पर्यटन प्रवर्द्धनमा सरोकारवालाको भुमिका:

(१) राज्य, VN2020 को भुमिका:

तराई मधेशको धार्मिक, संस्कृतिक, प्राकृतिक तथा ऐतिहासिक धरोहरहरूको संरक्षण एवं प्रवर्द्धनलाई प्राथमिकता दिनु पर्ने,

(२) स्थानीय सरकारको भुमिका:

स्थानीय सरकारले आफ्ना दायरामा पर्ने सबैखाले ठूला-साना धरोहरहरूमा सडक कनेक्टिभिटी गर्नु पर्ने हुन्छ, सरसफाइ एवं हराभरा बनाउन बिशेष पहल गर्नु पर्छ। मुख्य चौक, चौरहाहरूमा सहर, गाउँका विशेषता र धरोहर अंकित तस्वीर सहितका होडिङ बोर्ड र डिजिटल बोर्ड जडान गर्नु पर्ने, मुख्य प्रवेशद्वारमा स्वागत तथा धन्यवाद बोर्ड लगाउँदा आतिथ्य सत्कारमा थप प्रभाव पर्न जान्छ। मुख्य बजार पुन: निर्माण हुँदा कम्तीमा एउटै रङ र समान कलात्मक शैली प्रयोग गर्न सकियो भने सहरको रौनक र पहिचानमा थप टेवा पुर्याउन सकिन्छ। हाम्रा सम्पदाहरू जुन अवस्थामा छ कम्तीमा त्यसलाई नै सफा एवं रङरोगन गर्न सकियो भने पर्यटकका लागी आकर्षणको केन्द्र बिन्दु बन्न सक्छ। पर्यटन प्रवर्द्धनको लागि विज्ञको सल्लाहमा बिशेष,योजना एवं निति तथा कार्यक्रम तय गर्नु पर्ने हुन्छ।

अतिथि देवो भव:को भावनाको बिकास गर्न एवं पर्यटन क्षेत्रका सरोकारवालासँग समन्वय, सहकार्य गरि अगाडि बढ्ने मुख्य दायित्व स्थानीय सरकार कै रहेको छ।

पर्यटन क्षेत्रमा ठूलो लगानी एवं ठूलो योजनाको लागी वातावरण निर्माण गर्ने र पहल गर्ने अभिभारा पनि स्थानीय सरकारको छ। मौलिकता झल्काउने उत्सव, महोत्सवको नियमित आयोजन, आफ्नो पहिचान र गौरव र गतिविधिलाई डिजिटल प्रविधि, फेसबुक पेज, वेबसाईट, समाजिक संजाल आदिबाट प्रमोसन गर्ने र नियमीत अपडेट गर्नु पर्ने।

(३) होटेल, पर्यटन ब्यवसायिको भुमिका:

पर्यटहरूको संग सबभन्दा बढी नजिक रहने र प्रत्यक्ष सरोकार राख्ने होटल र पर्यटन व्यवसयी नै हुन। पर्यटकबाट सबैभन्दा बढी लाभ लिने पनि यिनै हुन्। होटल एवं पर्यटन ब्यवसयीहरू पर्यटकको आतिथ्य सत्कार (hospitality) मा विशेष ध्यान दिनु पर्ने हुन्छ। सेवाको सवालमा अतिथि देवो भव:को भावनाको विकास गर्नुपर्ने हुन्छ। जुन स्तरको होटल भए पनि सफाइ र सुविधा चुस्तदुरूस्त हुनु पर्ने हुन्छ। रिसेप्सनमा स्थानीय र आशपासका क्षेत्रको पर्यटकिय ठाउँ र गतिविधिको सुन्दर तस्बिर राख्दा बेस हुन्छ। आधुनिक डिजिटल युगमा डिजिटल पद्धतिबाट सेवा प्रवाह गर्दा उतमा हुन्छ। क्यासलेस सेवा, वाइफाइ सेवा आदि न्युनतम सेवा प्रदानको लागी सुबिधा उपलब्ध गराउन सक्नु पर्छ।

स्थानीय स्पेसल खानाको स्वादले पनि पर्यटकलाई लोभ्याउन सकिन्छ। सानो सानो एक दिने वा दुई दिने स्थानीय टुर प्याकेज बनाएर अफर गर्न सकियो भने अन्य शीर्षकमा आएका पर्यटकहरूलाई वीरगन्जमा बसाइँ थप गराउन सकिन्छ।

अन्य स्थानीय संस्कृतिक कार्यक्रमको आयोजना पनि गर्न सकिने सम्भावना खोजी गर्न सक्नु पर्छ।

(३) स्थानीय प्रशासनको भुमिका :

स्थानीय प्रशासन पर्यटकको सुरक्षामा संवेदनशील हुन जरूरी छ। हाम्रो भारतसँगको खुला सीमाको फाइदा पर्यटनको क्षेत्रमा व्यापक उठाउन पर्छ। तर प्रहरी प्रशासन भारतीय पर्यटक संग गर्ने ब्यवहार परिवर्तन गर्नु पर्ने हुन्छ। भारतीय पर्यटकसँग सीमामा दिनहुँ दुर्व्यवहार हुने घटना र नेपालभित्र भारतीय गाडीको प्रति बक्रदृस्टीले पक्कै राम्रो सन्देश गएको छैन। नेपालमा आउने विदेश पर्यटकमा भारतको मात्र ७०% भन्दा बढी छ। त्यसकारण भारतीय पर्यटकको गाडीलाई सहज इन्ट्रान्स र एक पटक सुरक्षाका लागि पूर्ण चेकजाँच पछि पर्यटक स्टिकर लगाई निर्वाद भ्रमणको वातावरण मिलाउन सक्नु पर्छ। नाइट लाइफको अवधारणा स्वीकार गरि सुरक्षा प्रदान गर्नु पर्ने हुन्छ।

पर्यटक, प्रहरीलाई चुस्तदुरूस्त गर्नु पर्छ र पर्यटन हेल्पलाइनको व्यवस्था गर्नु पर्छ।

इन्ट्रान्स बखत सहज एवं सरल ढंगले एकै ठाउँमा कागजी प्रक्रियाको सिस्टम अपडेट गर्नुपर्छ।

(४) पत्रकार/सञ्चार जगतको भुमिका:

पर्यटन क्षेत्रको विकासमा पत्रकार एवं सञ्चार जगतको महत्वपूर्ण भूमिका हुने गर्दछ। हाम्रो गाउँ/सहरमा भएका/रहेका धार्मिक, ऐतिहासिक, प्राकृतिक पर्यटकीय स्थल एवं गतिविधिको प्रचार, प्रसार, प्रवर्द्धन भिडियो/डोकुमेन्ट्री, तस्बिर, स्टोरीको माध्यमले हुने गर्दछ।

विशेष कला संस्कृति,चाड पर्व र अन्य विशेष उत्सव, महोत्सव एवं आयोजन सम्बन्धि सूचना प्रवाहमा सन्चार जगतकै भूमिका अग्रनी हुन्छ। यस्तो धरोहर एवं गतिविधिलाई सामाजिक संजाल, युट्युब आदिबाट पनि प्रमोसन गर्न आवश्यक छ।

पर्यटन सम्बन्धि गतिविधि र समाचारलाई प्राथमिकताका साथ प्रकाशन/प्रसारणले पर्यटन प्रवर्द्धनमा मद्दत हुन सक्छ।

हाम्रो धरोहरहरूको संरक्षणका लागि खबरदारी तथा लोपोन्मुख कला, संस्कृति बचाउन पत्रकारिताको माध्यमले दबाब सृजना गर्न सकियो भने सरोकारवालाको ध्यानाकर्षित हुन सक्छ र उक्त क्षेत्रको विकास हुने सम्भावना बढ्छ।

(४) राजनीतिक दलको भुमिका

राजनीतिक दलमा पर्यटन सम्बन्धि चेतनाको कमि हुनु दूर्भाग्यपूर्ण हो। राजनीतिक दलभित्र पर्यटन प्रवर्द्धनको बिषयमा बहस, छलफल सुनिदैन। कुनै राजनीतिक दलको एजेन्डामा पर्यटन क्षेत्रको विकास परेको पाइदैन, कुनै लिखित दस्तावेज पनि भेटिदैन। पर्यटन क्षेत्रमा खास गरि तराई मधेश उपेक्षामा पर्दै आएको छ। यस सम्बन्धि सरकारका नीति निर्माताहरू तराई मधेशको पर्यटन क्षेत्रलाई प्राथमिकता राख्न चाहेनन् र राजनीतिक दल पनि बेखबर र मौन रहे। अबदेखि राजनीतिक दलको एजेन्डामा एवं दस्तावेजहरूमा पर्यटन क्षेत्र हुनु पर्ने आजको आवश्यकता हो। राजनीतिक दलहरू आफ्ना कार्यकर्ता एवं भातृ संघसंगठनकाहरूलाई पनि पर्यटनको सम्बन्धि तालिम, प्रशिक्षण दिई पर्यटन अभियन्ताको रूपमा कार्य गर्ने निर्देश दिनु पर्ने बेला आएको छ। राजनीतिकर्मीहरू पनि सामाजिक संजालबाट आफ्ना गाउँ/ठाउँका पर्यटकीय धरोहरहरू, विशेषता एवं विशेष गतिविधिलाई प्रमोसन गर्नु पर्छ।

(५) नागरिक समाज

समाजको हरेक पक्षलाई जोड्ने सेतु नागरिक समाज हो। बदलिँदो परिवेशमा नागरिक समाजको भूमिका र दायरा पनि फराकिलो हुँदै जानु पर्छ। नागरिक समाजको खबरदारी र सचेतनाले राज्य एवं शक्ति केन्द्र समाज प्रति उतरदायी हुने गरेको इतिहास नेपालमै छ। पर्यटन प्रवर्द्धनको क्षेत्रमा नागरिक समाजले आम नागरिकमा चेतनाको विकासमा ठूलो भूमिका खेल्न सक्छ। समाज निर्माण एवं पर्यटन मैत्री वातावरण निर्माणमा उच्च तहदेखि तल्लो तहसम्म (ग्रासरूट)मा अतिथि देवो भव:को भावनाको बिकासको चेतना अभिबृद्धि गर्न अभियान चलाउनु पर्ने हुन्छ। साथै सम्भावित पर्यटकीय धरोहरको मर्मत, सम्भार, विकास तथा नयाँ निर्माणमा बहु तहको सरकारलाई झकझक्याउन र सहकार्य गर्नेमा भूमिका खेल्न सक्नु पर्छ।

(६) निजि क्षेत्र

निजि क्षेत्र पर्यटन सम्बन्धि व्यवपार ब्यवसायमा लगानी लगाउने, खासगरि एग्रो टुरिज्म, फन पार्क, रिसोर्ट, लोकल कल्चरल हब, कल्चरल भिलेज, टुर ट्रेभल, निजि चिडियाखाना, रेस्टुरेन्ट जस्ता ब्यवसाय अबको दिनको आवश्यकता हो।

(७) वीरगन्ज करिडोरको पर्यटकिय सम्भावनास( वीरगन्जमा रहेको एतिहासिक धरोहर शंकराचर्य गेट,धार्मिक धरोहर गहवामाई मन्दिर, गिता मन्दिर, घडिअर्वा पोखरी, भिस्वा बौद्ध स्तुफा, निर्माणाधीन नगवा, मुर्ली पोखरी, बिन्दवासिनी मन्दिर रामवनको हरियाली वातावरण आन्तरिक एवं बाह्य पर्यटकका लागि आकर्षणको केन्द्र बिन्दु बन्न सक्छ। यहाँका बिशेष छठपुजा, दशै मेला, तिहार, होलि, महोरमको प्रमोसन एवं मार्केटिङ्ग गर्न सकियो भने यहाँ पर्यटकलाई लोभ्याउन सकिने प्रचुर सम्भावना छ। यहाँ एग्रो टुरिज्मको पनि व्यावहारिक र यथार्थ सम्भावना छ। यहाँका पर्यटन व्यवसायीले वीरगन्ज महानगरका यी धरोहरसँगै बाराको गढिमाई, सिम्रोनगढ, पर्सा रास्ट्रिय निकुञ्ज, रामभौरी भाथा, पर्सा गढी, पारसनाथ मन्दिर एवं बेलुकीको घडिअर्वाको सुर्या गंगा आरतीलाई समेटेर प्याकेज बनाई आगन्तुकलाई अफर गर्न सकयो भने निश्चिति रूपमा यहाँका पर्यटन क्षेत्रमा ठूलो क्रान्ति निश्चिति छ।

(८) भिजिट मधेश अभियान

यो अभियान तराई मधेशमा पर्ने २४ वटै जिल्लालाई समेटेर यहाँका पर्यटकीय धरोहर, सम्पदा, रितिरिवाज रहनसहन, संस्कृतिलाई विश्वाव्यापी रूपमा उजागर गर्ने र चिनाउने उद्देश्यका साथ दस हजारभन्दा बढी युवाहरूको स्वयंसेवी भूमिकाले जारी छ। यहाँका यी सम्पदालाई प्रवर्द्धन गरि विदेशबाट पनि अधिकतम् पर्यटकलाई नेपाल भित्र्याउन अन्तर्राष्ट्रिय रूपमा १२ वटा देशहरूमा टिम गठन गरि आमन्त्रण एवं प्रचारप्रसारको कार्य तिब्र रहेको छ। डिजिटल प्लेटफर्म Visitmadhesh.com र IOS/Android Apps पनि सार्वजनिक गरिसकिएको छ।

"Visit Nepal Is Not Complete Without Visit Madhesh भन्ने मुल नाराका साथ अभियान जारी छ। विगत दुई वर्षदेखि जारी अभियानलाई USA बाट प्रमोद राज सरार्फ ग्लोबल कोर्डिनेटरको रूपमा अन्तर्राष्ट्रिय लेबलमा लिड गरिरहेका छन् भने नेपालमा राष्ट्रिय संयोजकको रूपमा ओमप्रकाश सर्राफले नेतृत्व गर्दै छ। काठमाडौंसहित २४ वटा जिल्ला र चार वटा प्रदेशमा प्रादेशिक टिमले अभियानका नीति तथा कार्यक्रमलाई कार्वान्वयन गर्न स्वयंसेवकको रूपमा कार्यरत छन्। अहिलेसम्म कुनै पनि सरकारी, गैर सरकारी संस्थाबाट आर्थिक सहयोग नगरी नै विभिन्न बाधा, अडचनलाई चिर्दै अभियान अगाडि बढदै छ। तिनै तहको सरकार, उद्देश्य मिल्ने संघसंस्थासँग समन्वय, सहकार्य गर्दै अगाडि बढ्ने नीति रहेको छ।

*(वीरगन्ज महानगरपालिका र भिजिट मधेश नेपालद्वारा विश्व पर्यटन दिवसको अवसरमा आयोजना गरेको अन्तरक्रियामा भिजिट मधेश नेपालका राष्ट्रिय संयोजक ओमप्रकाश सर्राफले प्रस्तुत गरेको कार्यपत्र)*


## मंगलमय शुभकामना

हिन्दूहरूको महान पर्व विजयादशमी, शुभ दीपावली र छठ पर्व २०७६ को पावन अवसरमा समस्त देश, प्रदेश र नगरवासीमा सुख, समृद्धि, सुस्वास्थ्य र सुखशान्तिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

**जितेन्द्र सोनल**

**मन्त्री**

**भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश २**

## मंगलमय शुभकामना

हिन्दूहरूको महान पर्व विजयादशमी, शुभ दीपावली र छठ पर्व २०७६ को पावन अवसरमा समस्त देश, प्रदेश र नगरवासीमा सुख, समृद्धि, सुस्वास्थ्य र सुखशान्तिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

**शैलेन्द्र प्रसाद साह**

**मन्त्री**

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश २**





## क्यान्सर

शरीरमा अनियन्त्रित रूपमा कोषहरूको असमान्य बृद्धि हुनलाई क्यान्सर भनिन्छ। यो सरूवा रोग होइन।

क्यान्सर रोग चेतावनीका चिन्हहरू :

- स्तनमा गिर्खा आउनु/गाँठागुँठी आउनु।
- मुसा, कोठीमा परिवर्तन आउनु।
- पाचनक्रिया र दिशा गर्ने बानीमा बारम्बार परिवर्तन आउनु।
- लामो समयसम्म खोकी लाग्नु र स्वर परिवर्तन हुनु।
- महिनाबारीमा धेरै रगत बग्ने अथवा अनियमित रगत बग्ने।
- अन्य शरीरको भागबाट अनियमित रगत बग्ने।
- कुनै घाउ वा सुजन निको नहुने।
- शरीरका कुनै पनि अंगको कोषमा अनियन्त्रित बृद्धि हुन गई क्यान्सर हुन सक्छ।

तसर्थ क्यान्सर रोग लागेको शंका लागेमा तुरून्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी उपचार बारे आवश्यक जानकारी लिनु पर्दछ।

स्वास्थ्य कार्यालय, काठमाडौं, टेकु


## स्थानीय सम्वाद

# सिंहदरबार गाउँमा भन्ने कुरा नारामै सीमित



**रामबाबु यादव**

**मेयर, गणेशमान चारनाथ नगरपालिका, धनुषा**

सिंहदरबार गाउँमा भनाई मात्र हो। खसवादतन्त्र जबसम्म रहन्छ, तबसम्म सिंहदरबार गाउँमा कहिल्यै पनि जान सक्दैन। संविधानले हामीलाई धेरै अधिकारहरू दिएको छ तर, हामीले त्यसको उपयोग गर्न पाएका छैनौं।

**० गणेशमान चारनाथ नगरपालिकामा निर्वाचित भएको दुई वर्ष भयो, के-के कामहरु भए त ?**

– हामीले नगरपालिकामा जनप्रतिनिधिको रूपमा निर्वाचित भएर आएदेखि विभिन्न विकास निर्माणका कामहरू गरेका छौं। यहाँका प्रत्येक विद्यालयहरूमा कम्पाउण्ड वाल, सौचालय लगायतका निर्माण भयो। त्यस्तै, पर्यटन क्षेत्रमा कमला नदीको छेउमा स्वीमिङ्ग पुल, शिवजीको मन्दिर निर्माण गरेका छौं। यस पटकको योजनामा एउटा हस्पिटल बनाउने, नगर भवन बनाउने लगायतका कामहरू सुरू गरेका छौं।

**० करिब दुई दशकदेखि जनप्रतिनिधिविहीनताको अवस्थामा तपाइँहरु निर्वाचि त भएर आउँदा काम गर्न कस्ता समस्याहरु आए ?**

– लामो समयको अन्तरालपछि स्थानीय तहका जनप्रतिनिधि आउँदा धेरै नै चुनौती र समस्याहरू छन्। जबसम्म नेपालमा कर्मचारीतन्त्र हट्दैन तबसम्म कुनै पनि प्रतिनिधिले काम गर्न सक्दैनन्। कर्मचारीहरूले जसरी यत्रो समयसम्म बाउको सम्पत्ति बुझेर जसरी लुटेका छन्, अहिलेसम्म उनीहरूको त्यो बानी व्यवहार त्यस्तै छ। सबै काम कर्मचारीहरूकै हातमा हुन्छ। हामीलाई देखाउनका लागि मात्र राखिएको जस्तो छ।

**० जनताको आकांक्षा कस्ता छन् ?**

– लगभग दुई दशकदेखि जसरी स्थानीय तहमा विकास भएको थिएन, जनता अहिले आतुर छन्। तर, कर्मचारीहरूका कारण विकास गर्न कठिनाइ भइरहेका छन्।

**० जनताले स्थानीय सरकारको अनुभूति गरेका छन् त ?**

– निश्चितरूपमा जनताले स्थानीय सरकारको अनुभूति गरेका छन्। तर, कर्मचारीहरूले गर्दा जुन कठिनाईका बाटाहरू छन्, त्यसले हामीलाई काम गर्न असजिलो भइरहेको छ। जनता हाम्रो कामबाट एकदम सन्तुष्ट छन्।

**० स्थानीय निर्वाचनपश्चात् सिंहदरवार गाउँमा भनिएको थियो, हो त ?**

– सिंहदरबार गाउँमा भनाई मात्र हो। खसवादतन्त्र जबसम्म रहन्छ, तबसम्म सिंहदरबार गाउँमा कहिल्यै पनि जान सक्दैन। संविधानले हामीलाई धेरै अधिकारहरू दिएको छ तर, हामीले त्यसको उपयोग गर्न पाएका छैनौं। शिक्षाको क्षेत्रमा एउटा पिउनलाई पनि सरूवा गर्न सक्दैनौं। त्यसैले सिंहदरबार गाउँमा भन्ने कुरा नारामै सीमित छ।

**० मुख्यमन्त्रीको 'बेटी बचाउ बेटी पढाउ अभियान' कतिको प्रभावकारी छ ?**

– यो कार्यक्रम हामीले पनि आफ्नो नगरपालिकामा राखेका थियौं। विद्यालयहरूमा साइकल पनि वितरण गरेका छौं। तर, साइकल बाँडेर मात्रै विद्यालयहरूको शैक्षिकस्तरमा सुधार आउँदैन। हामीले साइकल वितरण गरिसकेपछि महसुस भयो कि यो त्यति राम्रो कार्यक्रम होइन। छोरी बीमा कार्यक्रम राम्रो छ, यस्तै कार्यक्रमहरू ल्याउनुपर्‍यो। मुख्यमन्त्रीज्यूले हरेक छात्रालाई साइकल वितरण गर्नुभएको छ। तर, त्यसरी साइकल बाँड्नु राम्रो होइन। जेहेन्दार विद्यार्थीहरूलाई साइकल बाँड्नुपर्ने थियो। त्यसले गर्दा विद्यार्थीहरूमा प्रतिस्पर्धा गर्ने क्षमतामा वृद्धि हुन्थ्यो र त्यसले राम्रो परिणाम पनि दिन्थ्यो। जेहेन्दार विद्यार्थीलाई साइकल वितरण गर्नुको साथै केही राशी रूपैयाँ पनि बाँड्नुपर्ने थियो। त्यसले गर्दा विद्यार्थीहरूमा मनोबल बढ्छ।

**० बेटी बचाउ बेटी पढाउ कार्यक्रमलाई प्रभावकारी बनाउन के गर्नुपर्छ त ?**

– यो कार्यक्रम प्रभावकारी बनाउनका लागि प्रत्येक विद्यालयमा कक्षा १ देखि ५ सम्मका छात्रछात्राहरूलाई पुरस्कृत गर्ने व्यवस्था गर्नुपर्छ। जेहेन्दार विद्यार्थीहरूलाई पुरस्कृत गर्दा त्यसको देखासिकी अन्य विद्यार्थीहरूले पनि गर्नेछन्। जेहेन्दार विद्यार्थीलाई नि:शुल्क शिक्षादिक्षा दिने व्यवस्था गरिदियो भने प्रतिस्पर्धा गर्ने बानी बस्थ्यो। त्यसैले जेहेन्दार विद्यार्थीहरूलाई प्रोत्साहन स्वरूप पुरस्कृत गर्दै जाने हो भने यो कार्यक्रम सफल हुन्छ। विद्यालयहरूमा जसरी खाजाको व्यवस्था गरिएको छ, त्यस्तै नि:शुल्क, पोसाक लगायतका कुराहरू पनि दिनुपर्छ। सबै दिँदा अलि समस्या हुन्छ तर प्रतिस्पर्धा गरेर दियो भने शिक्षामा सुधार हुन्छ।

**० तपाइँ आफ्नो कार्यकालभित्र चारनाथ नगरपालिकालाई कस्तो बनाउने योजना छ त ?**

– हामीले बाटोघाटो निर्माणका कामहरू गरेका छौं, त्यो त सधैं चलिरहन्छ। तर, त्यसमा हामीले तीन चार वटा कार्यहरूलाई दीर्घकालीन योजनाको रूपमा लिएका छौं। हामीले नगर भवन, एक सय सय्याको अस्पताल बनाउने र गोदारदेखि कालोपानीसँग पक्की बाटो निर्माण गर्ने हाम्रो सोच छ। तर, हाम्रा उपमेयरले ममाथि मुद्दा नै हाल्नुभएको छ।

**० उपमेयरले तपाईंमाथि किन मुद्दा हाल्नुभएको हो ?**

– उहाँले बजेटको रकम बाँडेर चलाउनुपर्ने भन्नुभएको थियो। तर, त्यो रूपैयाँ त कसैको होइन, विकासका लागि हो। उहाँले वार्डले एक-एक करोड रूपैयाँ लिएको हो भने उहाँलाई पनि तीन-चार करोड रूपैयाँ चाहियो भन्नुभयो। तर, यस विषयमा मैले दिन मानिनँ। त्यसैले, उपमेयरले ममाथि मुद्दा हाल्नुभएको हो।

## विश्व परिवेश

# मदरसाको तार पाकिस्तानी आइएसआईतिर

नेपालको तराई क्षेत्रका मदरसा व्यवस्थापनका लागि क्रियाशील गैरसरकारी संस्थाहरूमा रहस्यमय स्रोतबाट रकम भित्रिने गरेको दाबी हुन थालेको छ। भारतीय समाचार संस्थाहरूले त ठाडै पाकिस्तानी गुप्तचर एजेन्सी आइएसआईको मद्दतमा नेपालमा मदरसा खुलेका र तिनमा अन्तराष्ट्रिय आतंकवादी संगठन लस्कर-ए-तैयबाले आधार बनाउन लागेको जिकिर गर्दै आएका छन्। भारतका निजी सञ्चारमाध्यमहरूमा अतिरञ्जनापूर्ण सामाग्री बढी सम्प्रेषण हुने भएका कारण त्यस्ता समाचारलाई आधार बनाएर नेपालमा विचारविमर्श खासै भएन । तर पछिल्लो समय नेपालका विज्ञ, नेता र विश्लेषकहरूले समेत यो विषयमा गम्भीर हुनुपर्ने आवश्यकता औंल्याएका छन् । पाकिस्तानी गुप्तचर एजेन्सीको सहयोग र आतंकवादी संगठनको लगानीमा तराईमा खुलेका संगठनहरूमा युवाहरूलाई समेटिएको विषय यतिबेला अझै सशक्त भएर आएको छ । रणनीतिक मामिलाका जानकार अरूणकुमार सुवेदी भन्छन्, 'नेपालका मुसलमान अगुवाहरूको तार पाकिस्तानी र बंगलादेशी आउटफिटसँग जोडिने गरेको छ । यस्ता अगुवाहरूको रहस्यमय हत्यामा भारतको तार जोडिन्छ ।'

दक्षिण एसियामा संदिग्ध क्रियाकलाप गर्ने समूह र संगठनको सम्बन्ध नेपालका मदरसामा रहेको जानकारहरू दाबी गर्छन् । रणनीतिक मामिलाका जानकार सुवेदीका अनुसार नेपालका मदरसामा कतार र साउदी अरबबाट स्रोत आउने गरेको छ । श्रीलंकामा हालै भएको आतंकवादी हमलामा इस्लामिक स्टेटले जिम्मेवारी लियो । नेपाली युवाहरूलाई पनि प्रभावमा पारेर आतंकवादी संगठनले नेपाल वा छिमेकीविरूद्ध प्रयोग गर्ने सम्भावना पनि छ । सुवेदी यस्तो चुनौतीको सामना गर्न नेपाल तयार हुनुपर्ने बताउँछन् ।

७५ असोजमा सुनसरीको हरिनगरामा मुस्लिम अगुवा खुर्सिद अन्सारीको गोली हानी हत्या गरियो । खुर्सिदको परिवारलाई नेपाल सरकारले राहत स्वरूप १० लाख दियो । उनलाई शहीद घोषणा पनि गरियो । नेपालमा शहीद घोषणा गरिएका खुर्सिदलाई भारतीय प्रहरीले 'वान्टेड' सूचीमा राखेर खोजी गरिरहेको थियो । भारतीय दावीअनुसार खुर्सिदले इन्डियन मुजाहिद्दिनका सदस्यहरूलाई आरक्षण दिने गरेका थिए ।

त्यसअघि ७१ सालमा इन्डियन मुजाहिद्दिनका चार सदस्यहरू डा. सहनवाज, अबु रसिद, मोहम्मद खनिद र सलमान शेखले नेपाली पासपोर्ट लिएको भारतले बताएको थियो ।

नेपालका मुस्लिम अगुवा/उद्यमीहरूको हत्याको शृंखला ५५ सालमा मिर्जा दिल सादवेगबाट शुरू भएको मान्न सकिन्छ । त्यसपछि ६६ सालमा अब्दुल मजिद मनिहार, सौकत अलि बेग, जमिम शाह, ६८ सालमा फैजान अहमद, ७० सालमा अफताव आलम अन्सारीको हत्या भयो । ६६ सालमा सञ्चारउद्यमी युनुस अन्सारीमाथि गोली प्रहार गरियो । तर उनको ज्यान बच्यो । यिनीहरू भारतीय नक्कली नोटको कारोबारमा संलग्न, मदरसा विस्तारमा संलग्न, दाउद इब्राहिमसँगको निकटता, पाकिस्तानी जासुसी सयन्त्रसँग सम्बन्ध भएको, भारतको आतंकवादलाई सहयोग गरेको जस्ता आरोपमा मुछिएका थिए ।

बर्माबाट लखेटिएका रोहिंग्या शरणार्थीहरूले अहिले काठमाडौंमै क्याम्प खडा गरेका छन् । उनीहरूलाई तालिम दिएर मौलवी बनाउने र तराईका मदरसामा पठाउने काम भइरहेको दावी गरिन्छ । यसमा पनि विदेशी रकम अवैध रूपमा प्रयोग भइरहेको बताइन्छ ।

पूर्वी तराईलाई आधार क्षेत्र बनाएर ३० वर्षदेखि राजनीतिमा क्रियाशील बहुल संघीय समाजवादी पार्टीका अध्यक्ष किशोरकुमार विश्वास पनि सुनसरीको भुटाहा, सिमरियालगायत गाउँलाई संदीग्ध मुस्लिम संगठनहरूले आधारक्षेत्र बनाएका छन् । नेपालमा बंशजकै नागरिकता सस्तोमा खरिद गर्न पाइने भएका कारण उनीहरूले नेपालको पासपोर्ट बनाउने र विभिन्न देश पुग्ने गरेका छन् । नेपालमा मुस्लिम आतंकवादी संगठनको क्रियाकलाप बढ्यो भनेर चिन्ता पनि गर्ने र कौडीको भाउमा नागरिकता पनि बिक्री गरिरहने हो भने यस्तो समस्या बढ्दै जाने अध्यक्ष विश्वास बताउँछन् । उनी भन्छन्, 'नेपालमा विदेशीहरू मन्त्री भएका छन् । विभिन्न आयोगमा पनि विदेशीहरू अध्यक्ष भइसके । कहाँ कहाँबाट नेपाल पसेर नागरिकता लिने थिति रहेसम्म हामी क्षेत्रीय शान्तिमा कसरी योगदान पुऱ्याउन सक्छौं ?'

विश्वासको मतअनुसार सुनसरीको सिमरियाबाट तीन जना आतंकवादीले वंशजकै नागरिकता लिएका थिए । नेपालमा नागरिकता लिने, पासपोर्ट बनाउने अनि भारत, श्रीलंकामा गएर बम पड्काउन थाले भने के गर्ने ? यसकारण यस्तो क्रियाकलाप रोक्न नागरिकता वितरणमा गम्भीर हुनपर्छ ।

*www.publicnewsagency.com*

मंगलमय शुभकामना

हिन्दूहरूको महान पर्व विजयादशमी, शुभ दीपावली र छठ पर्व २०७६ को पावन अवसरमा समस्त देश, प्रदेश र नगरवासीमा सुख, समृद्धि, सुस्वास्थ्य र सुखशान्तिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

जयनुल राईन
उपाध्यक्ष
राष्ट्रिय जनता पार्टी नेपाल

मंगलमय शुभकामना

हिन्दूहरूको महान पर्व विजयादशमी, शुभ दीपावली र छठ पर्व २०७६ को पावन अवसरमा समस्त देश, प्रदेश र नगरवासीमा सुख, समृद्धि, सुस्वास्थ्य र सुखशान्तिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

प्रदीप यादव
सांसद
समाजवादी पार्टी

मंगलमय शुभकामना

हिन्दूहरूको महान पर्व विजयादशमी, शुभ दीपावली र छठ पर्व २०७६ को पावन अवसरमा समस्त देश, प्रदेश र नगरवासीमा सुख, समृद्धि, सुस्वास्थ्य र सुखशान्तिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

महेन्द्र यादव
अध्यक्ष
नेपाल-भारत मैत्री युवा संघ

मंगलमय शुभकामना

हिन्दूहरूको महान पर्व विजयादशमी, शुभ दीपावली र छठ पर्व २०७६ को पावन अवसरमा समस्त देश, प्रदेश र नगरवासीमा सुख, समृद्धि, सुस्वास्थ्य र सुखशान्तिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

अजय कुमार गुप्ता
मेयर
गौर नगरपालिका, रौतहट

श्रमिकको तलब बैंकमार्फत् भुक्तानी गरौं, भुक्तानी प्रणाली पारदर्शी बनाऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

### अर्थमन्त्री भारतमा



काठमाडौं । अर्थमन्त्री डा. युवराज खतिवडा भारत पुगेका छन् । भारतमा असोज १६ र १७ गते हुने विश्व आर्थिक मञ्चको कार्यक्रममा सहभागी हुन नयाँ दिल्ली पुगेका हुन् । डा. खतिवडाले दक्षिण एशियाको आर्थिक परिदृश्य विषयमा अतिथि वक्ताको रूपमा सम्बोधन गर्ने कार्यक्रम छ । उनले नेपालको विकास एजेण्डा, आर्थिक स्थिति, लगानीको वातावरणमा भएको सुधार, राजस्व क्षेत्रमा भएका सुधार लगायतका विषयमा समेत सहभागीहरूलाई जानकारी गराउने कार्यक्रम छ ।कार्यक्रमकै क्रममा अर्थमन्त्री डा. खतिवडाले विश्व आर्थिक मञ्चका अध्यक्ष बर्ज ब्रेण्डसँग द्विपक्षीय भेटघाट गर्नेछन् । भारतीय समकक्षी अर्थमन्त्री निर्मला सिथारमणलाई पनि भेट्ने कार्यक्रम छ । भेटका क्रममा पछिल्लो आर्थिक स्थिति, नेपाल-भारत सम्बन्ध, भारतले नेपालमा सहयोग गरेका आयोजनाको अवस्थालगायत समसामयिक विषयमा छलफल हुने बताइएको छ ।

## जिल्ला समाचार

### पर्यटकीय विकास समृद्धिको मुख्य आधार : मुख्यमन्त्री

जनकपुरधाम । प्रदेश २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले पर्यटकीय विकास समृद्धिको मुख्य आधार रहेको बताएका छन् । गण्डकी प्रदेशले शुरू गरेको आन्तरिक पर्यटन वर्षको प्रचार प्रसारको क्रममा जनकपुर आइपुगेको टोलीलाई सम्बोधन गर्दै मुख्यमन्त्री राउतले पर्यटनका सम्पूर्ण आधार हामी कहाँ रहेपनि प्रचार प्रसारको आभावमा पर्यटनलाई ल्याउन नसकेको यथार्थलाई मनन गर्दै प्रदेश सरकारले पर्यटकीय विकासलाई प्राथमिकतामा राखेर अघि बढेको बताए । मुख्यमन्त्री राउतले जनकपुरको धार्मिक ऐतिहासिक महत्व तथा पोखराको प्राकृतिक सौन्दर्यतालाई जोड्न सक्यौं भने लाखौं पर्यटकलाई तान्न सकिने बताए । उनले यसका लागि जनकपुर-पोखरा हवाई यात्रा तत्काल शुरू गर्नु पर्ने बताए । विगतमा प्रचार प्रसार नभएकै कारण पर्यटनमा फड्को मार्न नसकेको भएपनि अबको जिम्मेवारी प्रदेश सरकारको रहेको हुनाले कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता समेत जनाए । बाह्य पर्यटकले मात्र पर्यटकीय विकास सम्भव नरहेको उल्लेख गर्दै उनले आन्तरिक पर्यटनको प्रचार प्रसार समेत हुनु पर्नेमा जोड दिनु भयो । गण्डकी प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री विकास लम्सालको अध्यक्षतामा भएको उक्त कार्यक्रममा प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री राम नरेश राय, नीति आयोगका उपाध्यक्ष डा. भोगेन्द्र झासहितका वक्ताहरूले सम्बोधन गरेका थिए । गंगा सागरको डिलमा आयोजना गरिएको गण्डकी पर्यटन प्रवर्धन कार्यक्रममा प्रदेश सभा सदस्य राम अशिष यादव, मुख्यन्यायधिवक्ता दिपेन्द्र झा, पर्यटन व्यवसायी विजय झुनझुनवाला सहितको उपस्थिति रहेको थियो । सो क्रममा पोखराको सचित्र प्रदर्शनी समेत गरिएको थियो ।

### सरूवा भएको स्थानमा पठाउन अल्टिमेटम

कपिलवस्तु । कपिलवस्तुको बुद्धभूमि नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत मेघनाथ पाध्याको सरूवा भएको दुई हप्ता नबित्दै पुनः कार्यालयमा हाजिर हुन लागेको विषयलाई अप्रत्यासित भनेको छ । बीचमा एउटा आउने जाने जस्तो समस्याले कर्मचारी र जनप्रतिनिधिबीच समस्या रहेको भन्दै असोज १४ गते कार्यपालिका बैठक बसेर कर्मचारीको बारेमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पत्र पठाउने समेतको निर्णय गरिएको छ । नगर प्रमुख केशव कुमार श्रेष्ठको अध्यक्षतामा मंगलबार बसेको बैठकले प्रमुख प्रशासकीय अधिकृत पाध्यालाई कार्तिक दोस्रो हप्ता भित्र सरूवा भएको स्थानमा व्यवस्था मिलाउन माग गर्दै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय समक्ष पत्र पठाउने निर्णय गरेको छ । मन्त्रालयले पाध्यालाई असोज १ गते नै सरूवा गरेर पश्चिम रूकुमको मुसीकोट नगरपालिका पठाएको थियो । पाध्याको सरूवा भए पश्चात शेषकान्त पौडेल प्रमुख प्रशासकीय अधिकृतको रूपमा असोज ५ गते कार्यालयमा हाजिर भएका थिए । त, यो निर्णय एकाएक परिवर्तन गरी असोज १२ गते सोमबार पाध्या पुनः बुद्धभूमिमा हाजिर हुन आएका छन् ।

### मृतक परिवारलाई क्रियाखर्च

रूपन्देही । आँधिखोला लघुवित्त वित्तीय संस्थाले समूह सदस्यको श्रीमानको मुत्यु भएर कियामा रहेकी एक सदस्यलाई  कियाखर्च स्वरूपको रकम हस्तानतरण गरेको छ । गैडहवा गा.पा.-८, मैनिया उदयचोक रूपन्देहीमा, शाखा कार्यालय सैनामैनाबाट संचालित केन्द्र नं ०२७ की सदस्य बेलमायापुलामीको पति दिलवहादुर पुलामीको मृत्यु भएको थियो । निजको पतिको शोकसभा गर्दै, निजको पत्नी बेलमाया पुलामीलाई रू २५०००। दिएको हो । कार्यक्रममा केन्द्रिय कार्यालयका योजना, अनुगमन तथा सुपरिवेक्षण विभाग प्रमुख कुलदेव लामिछाने तथा शाखा प्रमुख भिख्खु प्रसाद चौधरीको उक्त रकम हस्तानतरण गरे । संस्थाले आफ्ना ग्राहक सदस्यको हितलाई मध्यनजर गरी विभिन्न किसिमका सदस्य तथा निजका परिवार लक्षित कार्यक्रम गर्दै आएको र सोहीमार्फत उक्त सुविधा रकम हस्तान्त्रण गरेको लामीछानेले बताए । व्यापार मात्र नभएर संस्थाले सामाजिक कार्य तथा सदस्यहरूको समस्या पर्दा मानवीय तथा आर्थिक सहयोग गर्नको लागी विभिन्न कामहरू गर्दै आएको बताइएको छ । शाखा कार्यालय सैनामैनाले १ हजार ५ सय बढी सदस्यलाई वित्तीय सेवा प्रदान गरी ९ सय ५५ जनालाई ९ करोड बिना धितो कर्जा प्रवाह गरेको छ ।

### तीन करोडभन्दा बढी राजश्व संकलन

राकेश यादव, रौतहट । रौतहट प्रहरी विगत आठ महिनाको अवधिमा विभिन्न घटनाका आरोपित, दोषी तथा फरार अभियुक्त १०४ जनालाई पक्राउ गरेका छन् । जिल्लाको विभिन्न ठाउँ स्थानबाट भन्सार चोरी निकासी पैठारीका ३ करोड ८९ लाख २९ हजार ६६९ रूपैयाँ मूल्य बराबरको तस्करीका समानहरू बरामद गारी कार्यवाहीका लागि जिल्ला भन्सार कार्यालयमा दाखिला गरेका हुन् । रौतहट प्रहरीमा जोशजाँगर बोकेका प्रहरी प्रमुख, सिनियर अधिकृतहरूको आएलगतै शुरू गरिएको पक्राउ अभियानअन्तर्गत साइबर क्राइमदेखि लिएर जुवातास, अदालतबाट दोषी ठहर भई फरार भएका अभियुक्त, बमकाण्डको आरोपित गरी अहिलेसम्म १०४ जनालाई पक्राउ गरी कानूनी कार्यवाही गरिएको प्रहरीले सार्वजनिक गरेको तथ्यांकबाट पुस्टि भैराखेको छ । फरक अनुसन्धान गर्नका लागि गठित क्राइम इन्भेस्टिगेसन टीम सीआईटीको टोलीले गोप्य अभियानअन्तर्गत यति संख्यामा अभियुक्त पक्राउ गरिएको छ ।

### वडा अध्यक्षद्वारा तालाबन्दी

कपिलवस्तु । कपिलवस्तुको बुद्धभूमि नगरपालिकामा भाद्र १ गते सरूवा भएका कर्मचारी पुनः भाद्र १२ गते मन्त्रालयको पत्र लिएर आएपछि एक वडा अध्यक्षले त्यहाँ कार्यरत प्रमुख प्रशासकीय अधिकृत मेघनाथ पाध्याको कार्यकक्षमा तालाबन्दी गरेका छन् । बुद्धभूमि नपा वडा न १ का अध्यक्ष  तेज बहादुर बस्नेतले प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्षमा तालाबन्दी गरेका छन् । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले भाद्र १ गते मेघनाथ पाध्यालाई रूकुम पश्चिमको मुसिकोट नगरपालिकामा सरूवा गरेको थियो । यता बुद्धभूमि नगरपालिकामा शिवराज नगरपालिकाबाट सरूवा तथा रमाना लिएर गएका शेषकान्त पौडेलको सरूवा भई ८ गते नगरपालिकामा हाजिर भएका थिए । आइतबार अर्थात असोज १२ गते मात्र शेषकान्त पौडेललाई कार्यपालिकाको बैठक र स्वागत गरिएको थियो । सोही दिन सरूवा भएर गएका मेघनाथ पाध्याले मन्त्रालयवाट पत्र लिएको जानकारी पाएपछि वडा अध्यक्षले तालावन्दी गरे । उनको तालाबन्दीको मुख्य माग त्यहाँ केही दिन अघि सरूवा भएर आएका प्रमुख प्रशासकीय अधिकृत शेषकान्त पौडेलको पर्सा जिससमा भएको सरूवा बदर हुनुपर्ने रहेको छ ।

### प्रहरी विट तथा सहायता कक्ष उदघाटन

मोरङ । संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री लालबाबु पण्डितले विराटनगर महानगरपालिका-११ स्थित विराटनगर बसपार्कको हाताभित्र नवनिर्मित प्रहरी विट तथा नागरिक सहायता कक्षको सोमबार आयोजित समारोहका बीच उद्घाटन गरी  जिल्ला प्रहरी कार्यालय मोरङलाई हस्तान्तरण गरेका छन् । उक्त कार्यक्रममा मन्त्री पण्डितले शान्ति सुरक्षा जस्तो अत्यन्तै महत्वपूर्ण, संवेदनशील तथा चुनौतीपूर्ण कार्यमा खटिने प्रहरीलाई सबै भन्दा उत्तम र पर्याप्त साधनश्रोत उपलब्ध गराउन सकेमा अपराधको रोकथाम, अनुसन्धान र शान्ति व्यवस्था कायम गर्न सहज हुने बताए । यसबाट नागरिकले अझ छिटो, छरितो र प्रभावकारी रूपमा सेवा प्राप्त गर्न सक्ने उनले उल्लेख गरे । जिल्ला प्रहरी कार्यालय मोरङका प्रमुख प्रहरी उपरीक्षक विश्व अधिकारीले नवनिर्मित प्रहरी विटले बसपार्क, यातायात तथा यात्रुहरूको सुरक्षाका साथै प्रहरी सेवा प्रवाहको गुणस्तरमा अभिबृद्धि हुने विश्वास व्यक्त गरे । आजैबाट उक्त कक्षबाट चाडवाड लक्षित यात्रु सहायता डेस्क समेत संचालनमा ल्याइएको उनले जानकारी दिए ।

### युथ आइकन अवार्डबाट इरफान सम्मानित

नेपालगन्ज । नेपाली युवा मोहम्मद इरफान राई नेशनल युथ आइकन अवार्ड २०१९ बाट सम्मानित भएका छन् । युवा उद्यम र सशक्तीकरणका क्षेत्रमा क्रियाशिल इरफानराईलाई समाज परिवर्तनमा भूमिका निर्वाह गरेको भन्दै भारतस्थित इन्टरनेशनल युथ कमिटीले नेशनल युथ आइकन अवार्ड २०१९बाट सम्मान गरेको हो । भारतको राजधानी नयाँदिल्लीस्थित कन्स्टिच्युसन क्लब अफ इन्डियामा आयोजित विश्व युवा सम्मेलनमा इन्टरनेशनल युथ कमिटीका अध्यक्ष जयन्त पात्राले इरफानलाई सम्मानपत्र प्रदान गरे । यसअघि भारतीय युवाहरूलाइ मात्र अवार्ड प्रदान गर्दै आएको इन्टरनेशनल युथ कमिटीले यो बर्षदेखि विदेशी नागरिकलाई पनि अवार्ड दिन थालेको हो । यो बर्ष इरफानसहित मनोनयमा परेका विश्वका १४ सय युवामध्येबाट ७९ युवालाई नेशनल युथ आइकन अवार्ड दिइएको छ । विभिन्न क्षेत्रका प्रवुद्धवर्ग, विश्वविद्यालयका प्राध्यापक, युवाहरूसँग मिलेर राष्ट्रिय नीति निर्माणमा सक्रिय इन्टरनेशनल युथ कमिटीबाट सम्मानित इरफानराईलाई गतमहिना मालदिभ्स सरकारको युवा तथा खेलकुद मन्त्रालयले ग्लोबल युथ पिस एम्बास्डरको पदवी प्रदान गरेको थियो ।




# आइटेक दिवस मनाइयो



काठमाडौं। भारतीय राजदूतावासले ५५औं भारतीय प्राविधिक तथा आर्थिक सहकार्य दिवस (आइटेक) २०७६ मनाएको छ। सोमबार मेरियट होटेलमा आयोजित समारोहमा नेपालका सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री लालबाबु पण्डित प्रमुख अतिथिको रूपमा थिए। नेपालका लागि भारतका राजदूत मंजीव सिंह पुरीले नेपाल सरकारका विभिन्न मन्त्रालय तथा विभागका वरिष्ठ अधिकारी एवम् अन्य कर्मचारीहरूलाई भारतका प्रमुख संस्थाहरूमा प्रशिक्षण दिन उक्त आइटेक कार्यक्रमले निर्णायक भूमिका खेलेको बताए। यस कार्यक्रमले सीप अभिवृद्धि तथा मानव संसाधन विकासमा उल्लेख्य योगदान पुऱ्याएको छ। सो समारोहमा आइटेकका करिब १५० भूतपूर्व विद्यार्थीहरूको उपस्थिति थियो। नेपाल लगायत १६१ विकासशील मित्र राष्ट्रहरूसँग भारतको विकासमूलक अनुभव बाँड्न भारत सरकारको पूर्ण सहयोगमा'आइटेक कार्यक्रम'सञ्चालित छ। सो समारोहमा मन्त्रालय तथा विभागका सचिव लगायत नेपाल सरकारका वरिष्ठ अधिकारीहरूको उपस्थिति थियो। नेपाल सरकारअन्तर्गतका विभिन्न मन्त्रालय तथा विभागले आफ्ना कर्मचारीहरूको मानव संसाधन विकासका लागि आइटेकका विभिन्न कोर्षहरूको उपयोग गर्दै आएको छ। तालिम कोर्षमा कम्प्युटर, इन्जिनियरिङ्ग, सूचना प्रविधि, पत्रकारिता, बैंकिङ्ग, कानून निर्माण, उर्जा, रिमोट सेन्सिङ्, जनशक्ति अध्ययन, शिक्षा, महिला सशक्तिकरण, जलविज्ञान, कानून प्रर्वतन, व्यवसाय योजना तथा प्रवर्धन, लेखार वाणिज्य आदि जस्ता विषयहरू समावेश गरिएको छ। नेपाल सरकार अन्तर्गतका संस्थाहरूको आवश्यकताअनुरूप निमार्ण गरिएको विशेष आइटेक कोर्षबाट ती संस्थाहरू लाभान्वित भएका छन्।

## भारतीय सहयोगमा विद्यालय भवन निर्माण

काठमाडौं। भारतीय सहयोगमा काठमाडौं महानगरपालिका-१४ स्थित कुलेश्वर आवास माविको नवनिर्मित भवनको उद्घाटन भएको छ। काठमाडौंस्थित भारतीय राजदूतावासका नियोग उप-प्रमुख डा अजय कुमारले जिल्ला समन्वय समितिका अध्यक्ष शिव सुन्दरराज वैद्य र वडाध्यक्ष शोभा सापकोटाको उपस्थितिमा शनिबार भवनको उद्घाटन गरे। भारत सरकारको नेरू तीन करोड ८६ लाख अनुदान सहयोगमा निर्मित यस तीनतले नयाँ विद्यालय भवनमा २० वटा कक्षाकोठालगायत प्रत्येक तलामा छात्रछात्राका लागि छुट्टै शौचालय, अन्डरग्राउन्ड पानीट्याङ्की, सेप्टिक ट्याङ्की तथा फर्निचरको व्यवस्था छ।

## गुरू नानक जयन्ती मनाइयो

काठमाडौं, १२ असोज। नेपाल राष्ट्र बैंक र भारतीय दूतावासको संयुक्त आयोजनामा भएको औपचारिक समारोहमा गुरू नानक देवजीको ५५०औं जयन्ती मनाइएको छ। सोही अवसरमा नेपाल राष्ट्र बैंकले गुरू नाकक देवजीको प्रतीकको रूपमा त्याग गरेको तीन प्रकारका स्मारक सिक्का लन्च गरिएको छ। उक्त सिक्का सिख गभर्नर डा. चिरंजीवी नेपाल र नेपालका लागि भारतीय राजदूत मञ्जीव सिंह पुरीले संयुक्त रूपमा लन्च गरेका थिए। तीन प्रकारका नेपाली सिक्काका मुल्य एक सय, एक हजार र दुइ हजार पाँच सय रहेको छ। जसलाई नेपाल राष्ट्र बैंकले बिक्रिका लागि खुला गरेको छ। यसले नेपालसँगको सिख समुदायको गहिरो सम्बन्ध दर्शाउन पनि मद्दत गर्छ। सोही समारोहमा गर्भनर नेपाल र राजदूत पुरीले नेपालको सिख धरोहर नामक प्रकाशनको बिमोचन पनि गरे। उक्त पुस्तक बीपी कोइराला भारत नेपाल फाउण्डेशन, भारतीय दूतावासले प्रकाशित गरेको हो र त्यसले प्रमुख रूपमा सिख समुदयलाई नेपालसँग जोड्न खोज्ने प्रयास गरेको छ।

# नेपालमा पनि गान्धी दर्शनको गहिरो प्रभाव



काठमाडौं। भारतीय नेताहरूले नेपालमा महात्मा गान्धीको दर्शनको गहिरो प्रभाव परेको बताएका छन्। महात्मा गान्धीको १५० औं जयन्तीका अवसरमा महेन्द्रनारायण निधि प्रतिष्ठानले काठमाडौंमा आयोजना गरेको गान्धी दर्शनसम्बन्धी प्रवचनमा सत्तारूढ भाजपाका प्रवक्ता विजय शोनकर शास्त्री र कांग्रेस आईका नेता एवं पूर्वविदेशमन्त्री सलमान खुर्सिदले नेपाल र भारतकै राजनीतिमा गान्धीको दर्शनले प्रभाव पारेको बताए।

कार्यक्रममा कांग्रेस सभापति देउवाले ग्रामस्वराज कार्यक्रममार्फत गान्धीले निमुखा र गरिब जनताको जीवनस्तरमा परिवर्तन ल्याउन क्रान्तिकारी काम गरेको बताएरू। बेलायतको उपनिवेशविरूद्ध गान्धीले चर्खा आन्दोलन चलाएको र त्यसको प्रभावसमेत नेपालमा परेको चर्चा उनले गरे। कांग्रेस वरिष्ठ नेता पौडेलले नेपालमा राम्रो हतियारले होइन, राम्रो विचारले राजनीति जित्न सकिन्छ भन्ने मान्यता बुद्ध र गान्धीको दर्शनमा पाइने बताए। भाजपा प्रवक्ता शास्त्रीले 'सबका साथ, सबका विकास' भन्ने प्रधानमन्त्री नरेन्द्र मोदीको नारा गान्धी दर्शनकै प्रभाव रहेको बताए। शान्तिपूर्ण बाटोबाट नेपालले सशस्त्र द्वन्द्व अन्त्य गरेको मुद्दालाई भारतीय प्रधानमन्त्री मोदीले नेपालको संसद्, भारतको लालकिल्ला र संयुक्त राष्ट्रसंघको महासभामा समेत उदाहरणका रूपमा प्रस्तुत गरेको स्मरण गरे। कार्यक्रममा नेपालका लागि भारतीय राजदूत मञ्जीवसिंह पुरीले पनि गान्धी दर्शनको नेपालमा प्रभावबारे धारणा राखेका थिए।

# मुस्कानलाई अमिताभको भरोसा

काठमाडौं। भदौ २० गते एसिड आक्रमणमा परेकी मुस्कान खातुनलाई बलिउड अभिनेता अमिताभ बच्चनले भिडियो सन्देश पठाएका छन्। हाल कीर्तिपुर अस्पतालमा उपचाररत मुस्कानको स्वास्थ्यलाभको कामना गर्दै अमिताभले उनलाई 'हिम्मतवाली बालिका' का रूपमा चित्रण गरेका छन्।

अमिताभको भिडियो सन्देशका लागि खातुनको उपचारमा सघाइरहेका उज्जवल विक्रम थापाले भूमिका निर्वाह गरेका हुन। भिडियोमा अमिताभले मुस्कानमाथि भएको घटना थापामार्फत् थाए पाएको र त्यसले आफूलाई दुस्खी तुल्याएको बताएका छन्। शीघ्र स्वास्थ्य लाभको कामना गर्दै अमिताभले नेपालको कानुनअनुसार दोषीलाई पक्राउ गरेर कारबाही हुने आशासहित अन्य बालबालिका पनि त्यस्तो नहोस् भन्ने कामना गरेका छन्।














**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं